Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ७, २०७९ साल भदौं २१ गते मंगलबार (Sep 6, 2022) www.janaakash.com.np १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन** सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# नागरिता विधेयकको विवाद कति ठिक ?


**मोहन कार्की**

काठमाडौं । सरकारले राष्ट्रपति समक्ष पेश गरेको नागरिता बिध्येक सदनमा राष्ट्रपतिले फर्काइदिएपछि पुनः सरकारले नागरिकता नयाँ विधेयक अर्थात परिमार्जन सहित राष्ट्रपति कार्यलयमा पठाइएको छ ।

यिनै बिषयले काम नपायर बसेका कोठे राजनीतिक पार्टीहरुलाई बिरोध गर्ने बाहना बनेको छ ।

सरकारमा हुदा जुन पार्टीहरुले बिधेयक ल्याउने र सरकार बाहिर रहदा बिरोध गर्ने चलन उक्त नागरिता बिधेयकमा पनि देखिएको छ । वि.सं. २०६३ सालमा बनेको नागरिकता ऐन संशोधन गरी प्रतिनिधिसभामा विधेयक पेस गरेको थियो र त्यतिवेलाको नेकपा अर्थात नागरिता बिधेयकको सवैभन्दा बढी बिरोध गर्ने नेकपा माओवादीका संसद नारायणकाजी श्रेष्ठ समेत त्यस बिधेयको पक्षमा थिए । २०७५ मा उक्त बिधेयक प्रतिनिधि सभामा परिमार्जन सहित पठाइएको थियो त्यहि समयमा राजनीतिक दाउपेचहरु भएपछि राजनीतिक कारणले बिधेयक पास हुन सकेको थिएन । मसिनो स्वरको काँग्रेसले विरोध गरेको थियो ।

उक्त विधेयक २०७५ सालमा केपी शर्मा ओली नेतृत्वको सरकारले ल्याएको थियो त्यसलाई शेरबहादुर देउवा नेतृत्वको नयाँ सरकार बन्ने बित्तिक्कै



फिर्ता लिने निर्णय गर्‍यो र नयाँ बिधेयक बनायर पुनः राष्ट्रपति समक्ष पठाएको थियो राष्ट्रपतिले पनि एमाले नेतृत्वमा पठाउदा प्रतिपक्षले विरोध गरेको ठानेर वा अरुनै कारणले के कारणले हो बाहिर नआएपनि बिधेयकलाई फर्काइदिएको थियो। पुनः संसदमा छलफल गरी उक्त नागरिता बिधेयक राष्टूपति कार्यलयमा पुगेर सतिजानेकी बलिखाने तयारीमा रहेको छ । यिनै बिषयमा राजनीतिक पार्टीहरुले आफ्ना राजनीतिक अजेण्डा समेत बनायर देशको हितमा भन्दा पार्टीलाई फाइदा कताबाट हुन्छ भन्ने आशय राखेर हल्ला गरेको देखिन्छ । यो बिषयमा जनता बढी चनाखो हुनुपर्ने अवस्था आएको छ ।

**के छ नयाँ विधेयकमा ?**

संसदीय समितिलेको बैठकमा संसदहरुले भनेका भनाईलाई आधार मान्दा वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्न नेपाली नागरिकसँग विवाह गरेका महिलाले पनि नेपालमै सात वर्षसम्म निरन्तर बसोबास गरेको हुनुपर्ने व्यवस्था राख्न प्रस्ताव गरेको थियो । तर सरकारले ल्याएको नयाँ विधेयकमा यो व्यवस्था हटाइएको छ ।

कतिपय विपक्षी दलका सांसदहरूले नयाँ प्रस्तुत गरिएको नागरिकता विधेयकले पनि यो विषयमा चर्चा भइरहेको लैङ्गिक असमानताको मुद्दालाई सम्बोधन नगरेको बताएका छन् । नेपालमा आफुले गर्न पाए सवै ठिक अरुले गरेको सवै बेठिक भनेर बिरोध गर्ने चलन कुनै नौलो होइन । त्यसैको रुपमा पनि यस्ता बिरोध र समरर्थन आएका हुन सक्छन् । तर वास्तविकता विज्ञहरुले अध्ययन गरेर निचोड ननिकाल्दासम्म यसै भन्न सकिदैन । बिदेशी निर्देशनमा चल्ने पार्टी र पार्टीको लगाम बनेर संसद बनेकाले देशको हितमा काम गर्लान भनेर सोच्न थाल्ने हो भने त्यस्तो सोच्ने जनतानै मुर्ख हुन सक्छन् । त्यसकारण विज्ञताको आधारमा नागरिता सम्बन्धि निस्कर्ष नआएसम्म बिरोध र समर्थन दुवै देशको लागि हितकर हुन सक्दैनन् ।

**नयाँ संशोधन भएको बिधेयकमा के के व्यवस्था छ ?**

बाँकी ६ पृष्ठमा

# एक्टिभ डान्सिङ स्टार दृष्टि र सृजनाले जिते

काठमाडौं । एक्टिभ ईन्टरटेनमेन्टले आयोजना गरेको एक्टिभ डान्सिङ स्टार प्रतियोगितामा १२ बर्षभन्दा मुनिका समूहमा दृष्टि मानान्धरले ट्रफी उचालेकी छन् भने त्यसैगरी १२ बर्षभन्दा माथि उमेर समूहमा दृष्टि र सिजल



महर्जनले उपाधि जितेकी छन् ।

जुनियर समूहमा इशानी कुलुङ दोस्रो, परेसा खड्का तेस्रो भएकी छन् भने अनुसाशनमा ग्रीष्मा थापामगर, अभिव्यक्तिमा प्रेन्सा श्रेष्ठ,पोशाकमा रितु लामा रहेका छन् ।

१२ बर्षभन्दा माथि सिनियरमा नरेस सुनाम दोस्रो, लाक्पा शेर्पा तेस्रो, अनुसाशनमा सारदा वान्तवा, अभिव्यक्तिमा ममता वली, पोशाकमा ओशीका केसी, उत्कृष्ट नृत्य उज्वल थापा, जुरी अवार्डमा प्रीन्स राहादी रहेका छन् ।

उक्त विजेताहरु बिभिन्न चरणमा पार गरी फइनलमा आइपुगेका हुन् । फाइनल प्रतियोगिता बालाजु माछापोखरी स्थित नागार्जुन पार्टी प्यालेसमा भएको थियो । कार्यक्रमको सभापति एक्टिभ

बाँकी ६ पृष्ठमा

# केन्ट आर.ओ.को दशै तिहार २०७९ अफर सार्वजनिक

काठमाडौंः ई.ओ.एल. प्रा. लि., नेपालमा केन्ट उत्पादनहरूका लागि एक मात्र आधिकारिक वितरक, सि. जी. इलेक्ट्रोनिक्स अन्तर्गतको संस्थाले दशैं, तिहार र छठलाई लक्षित गरी ग्राहक योजना ल्याएको छ । भारत र नेपालमा पानी शुद्धिकरणका बजारमा ग्राहकवर्गले असाध्यै रुचाएको केन्ट आर.ओ.ले नेपालको सबैभन्दा ठूलो उत्सव दशैं र तिहारलाई लक्षित गर्दै केन्ट आर.ओ. दशैं तिहार, हरेक खरिदमा उपहार भन्ने नारासहित जारी गर्दै अफर अन्तर्गत केन्टको कुनै पनि आर.ओ.मोडलको खरिदमा सि. जी.ब्रान्डको इलेक्ट्रिक केट्ल उपहार स्वरूप प्रदान गर्ने उल्लेख गरेको छ ।

उक्त ग्राहक योजना भाद्र १३, २०७९ देखि सम्पूर्ण नेपालमा सीमित अवधिको लागि लागू गरिएको उल्लेख छ ।

सफा पिउने पानी आवश्यकता बनेको छ । प्रत्येक वर्ष लाखौं नेपाली पानीजन्य रोगहरूले संक्रमित हुन्छन् र हजारौंले आफ्नो ज्यान गुमाउँछन् । पिउने पानीमा उच्च टिडीएस, ब्याक्टेरिया, भाइरस, कीटनाशक र अन्य हानिकारक रसायनहरू समावेश हुन सक्छ । साथै, घरहरूमा आपूर्ति गरिएको पानी रस्ट र पुरानो पाइपलाइनहरू मार्फत आउने र अस्वस्थ ट्याङ्कीमा भण्डारण हुने गर्दछ । पिउनु भन्दा पहिले पानी शुद्ध छ भन्ने कुरा सुनिश्चित गर्न अत्यन्त महत्त्वपूर्ण छ ।

यसैले, आर.ओ.बाट प्रशोधित भएको पानी हाम्रो परिवारको स्वस्थ जीवन र कल्याणको लागि महत्वपूर्ण आवश्यकता भएको छ । त्यसैले केन्टमा त्यस्तो प्रविधि जडान गरिएको उल्लेख छ । केन्टका उत्पादनहरू स्वास्थ्य र स्वच्छताको

बाँकी ६ पृष्ठमा




# राष्ट्रिय सभाबाट पनि नागरिकता विधेयक हुबहु पारित

काठमाडौं । राष्ट्रपतिबाट पुनर्विचारका लागि १५ बुँदे सन्देशसहित फिर्ता भएको नागरिकता ऐन संशोधन गर्न बनेको विधेयक राष्ट्रिय सभाबाट पनि हुबहु पारित भएको छ । राष्ट्रपतिबाट फिर्ता भएको विधेयक २ भदौमा प्रतिनिधिसभाबाट हुबहु पारित भएर राष्ट्रिय सभामा आएको थियो । राष्ट्रिय सभाले पनि शुक्रबार हुबहु पारित गरेको हो । अब यो विधेयक फेरि प्रतिनिधिसभामा जान्छ । राष्ट्रिय सभाले विधेयक पारित गरेको संदेश प्रतिनिधिसभामा सुनाएपछि सभामुखबाट प्रमाणित हुँदै फेरि प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुग्छ ।

यसअघि पहिलो पटक प्राप्त नागरिकता ऐन संशोधन विधेयक राष्टूपतिले प्रमाणीकरण नगरी पुनर्बिचारका लागि प्रतिनिधिसभामा फिर्ता पठाइदिएकी थिइन् ।

२४ असार २०७९ मा दर्ता भएको यो विधेयक प्रतिनिधिसभाबाट साउन ६ र राष्ट्रियसभाबाट १२ गते पारित भइ साउन १४ गते प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पुगेको थियो । तर, विधेयक प्रमाणीकरण नगरी २९ साउनमा राष्ट्रपति भण्डारीले संघीय संसद्समक्ष जानकारी, अध्ययन र विमर्शका लागि भन्दै सातवटा बुँदा र ध्यानाकर्षणका लागि आठ वटा बुँदामा सन्देशसहित विधेयक फिर्ता गरिदिइन । राष्ट्रपतिले पुनर्विचारका लागि

बाँकी ६ पृष्ठमा




मुख्य विशेषता अनुकुलता अनुसार पैसा थप्दै जान मिल्ने र थपिएको पैसामा पनि त्यस समयको मुद्दती बराबरको ब्याज पाइने ।

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# काठमाडौं फोहोरमाण्डौं नबनोस्

काठमाडौं महानगरपालिका विगत ४ महिनादेखि फोहोरको गन्धले मानिसहलाई सताइरहेको छ । भने कतिपय मानिसहरुले फोहोर बाहिर ननिकाल्न महानगरपालिकाले दिएको आदेशलाई पालना गरेर घरभित्र नै ४ महिना अघिदेखि जम्मा गरेर राखेको फोहोरको मात्र बढेर त्यसलाई ब्यवस्थापन गर्न समस्या हुदै गएको छ । हुनत अहिले पछिल्लो समय फोहोर ब्यवस्थापनको लागि विगतको जसरी नै काठमाडौ महानगरबाट उठाएका फोहोर सिसडोल र बन्चरे डाडामा पुनः फाल्न शुरु गरिसकेको छ । तर गएको ४ महिनादेखि थुपिएर रहेको फोहोरलाई एकैपटक ब्यवस्थापन गर्न अहिले पनि कठिन भइराखेको छ ।

बिभिन्न चोकहरुमा काला प्यलाष्टिकमा ठुला ठुला पोकामा जम्मा गरिराखेका फोहोरहरु बाहिर निकाल्न थालेका छन् । काठमाडौ महानगरपालिकाका बासिन्दाहरुको भनाईलाई आधार मान्दा फोहोर जम्मा गर्दै राखेको तर फोहोर खुलेपछि पनि महानगरले चोकचोकमा रहेको फोहोर मात्र उठाएको घरघरमा जम्मा गरेको फोहोर लिन नआएको हुनाले ठुला ठुला फोहोरका पोकाहरु बोकेर चोकमा पुर्‍याउन कठिन भएको बताउने गरेका छन् । यतापटी महानगरपालिकाले चासो दिएको छैन ।

काठमाडौ ४ महिनादेखि थुप्रिएको फोहोर र दुगन्धले काठमाडौ फोहोरमाण्डौमा परिणत हुदै गएको छ । यस्तै काठमाडौ उपत्यकाको स्वरुप नै बदल्ने गरी थुप्रियको फोहोरको रुपले बिकराल रुप लिदै आउदा दिनमा काठमाडौ उपत्यका फोहोर माण्डौमा परिणत हुदै जाने र काठमाडौ उपत्यकामा बसोबास गर्ने मानिसहरुमा बिभिन्न खालका रोग उत्पन्न भइरहेको छ । यसरी काठमाडौ फोहोर र रोग उत्पादन गर्ने शहरको रुपमा चित्रित हुन गइराखेको प्रति सबैको चिन्ता बढेको छ ।

महानगरपालिकामा स्वतन्त्र उम्मेद्धारले जितेपछि फोहोर ब्यवस्थापन, खानेपानी र ढल निकास मूख्य काम गर्ने चुनावभन्दा अगडी बताउने बालेन्द्र शाहले उक्त समस्या ४ महिना वितिसक्दा पनि कामले आसालाग्दा परिणाम दिन सकेको छैन । अरुत परको कुरा फोहोरको समस्या मात्र पनि सावधान गर्न सकेका छैनन् ।

त्यसैले काठमाडौ शहर फोहोरमाण्डौमा परिणत भइरहेको दृष्य जताततै चोक चोकमा थुप्रियका फोहोरले फोहोरमाण्डौकै कथा बोकिरहेको छ । काठमाडौ शहरलाई हेर्नलायक बनाउन फोहेको समस्या सावधान गरेर समान्य नागरिकहरु पनि काठमाडौ शहरमा बाच्न सक्छन् भन्ने बनाउन सबैको भुमिका रहनु पर्छ ।

तर त्यस्तो काम भइराखेको देखिदैन । काठमाडौ शहरलाई फोहोरमाण्डौ नबनाऔ । सफा शहर बनाऔ ।

# निःशुल्क शिक्षा र स्वास्थ्य र सरकारी दायित्व

अच्युतप्रसाद पौडेल 'चिन्तन'

निजी शैक्षिक संस्थाहरूले श्रीपञ्चमीका दिन एक दिन शिक्षा निःशुल्क गर्छन्, त्यो पनि भर्ना तान्नका लागि । सरकार तिमी पनि चुनावको एक दिन त कमसेकम शिक्षा, स्वास्थ्य निःशुल्क गर्छु भन । कति व्यापार मात्रै गर्छौ ? प्रालि सञ्चालन गरेजस्तै गरी सरकार सञ्चालन गर्दै छौ । बालेनको डोजर बन्चरेको फोहोरमा तमासा हेरी बस्छौ । यो तिमीले गर्नुपर्ने काम थियो सरकार । तिम्रै मान्छे बालेनलाई धम्क्याउँदै छन् बन्चरे डाँडामा बसी गुलेली हान्दै छन् । फोहोरका गाडीलाई तर्साउँदै छन् । तिमीले ढुंगा हान्न सिकाएको शिक्षाले देश अहिले अस्तव्यस्त भएको छ ।

अझै, प्रधानमन्त्री बन्ने धोको तिम्रालाई छ, के गर्छौ जनता रोइरहेका छन् । तिम्रा आँखामा आँसु नै छैन । सिटामोल दिन अदालतले आदेश गर्नुपर्छ । तिमीहरूलाई सत्ता दिन उही चाहिन्छ, उसैलाई भित्तामा थन्क्याएर राज गर्छौ । २४ लाख डोज कोरोना खोप हरायो रे । यति, ओम्नी, गोकर्ण रिसोट, बालुवाटार जग्गा यतै कतै हरायो । एमसीसी, एसपीपी जनताले थाहै पाएनन् नि । नागरिकता विधेयकमा राष्ट्रपतिलाई पनि कब्जा गर्न खोज्यौ । भोलि अरूले आएर देश चलाए भने ? हुन त अहिले पनि तिमीहरूले रातो कार्पेट दिएकै छौ ।

एक दशकअघि स्थापित र ७ वर्षअघिदेखि दिल्ली सरकार चलाउने केजरीवाल र उनको दल आम आदमी पार्टी हो, केन्द्र सरकार त भाजपाको छँदै छ । दिल्लीमा ३ करोड जनता बस्छन् । प्रतिपरिबार २ सय युनिट बिजुली मासिक निःशुल्क, मासिक २० हजार लिटर पानी निःशुल्क, ज्येष्ठ नागरिकलाई तीर्थयात्रा निःशुल्क, ४ सय टोलमा स्वास्थ्य जाँच, ओपीडी सेवा, ल्याब टेस्ट र भर्ना निःशुल्क । निजी स्कुलबाट अभिभावकहरू आफ्ना नानीहरूलाई सरकारी स्कुलतिर सार्न प्रेरित छन् । कारण स्कुलको भौतिक, प्रशासनिक र शिक्षण गुणस्तर छ । १ लाख सीसी क्यामेराले नागरिक सुरक्षाको निगरानी र अत्यावश्यक वस्तुमा कर कटौती, अनुदान र ऋण सरकारले नलिएको, भ्रष्टाचार एवं चुहावट नियन्त्रण गरेको देखिन्छ ।

तीन तहको सरकारले जनताको घाँटी निमोठ्न मात्रै होइन, कमसेकम शिक्षा, स्वास्थ्य बिचौलियाको हातबाट छुटाउन पहल गर्नुपर्ने हो सिटामोल दिन अदालतले आदेश गर्नुपर्छ, तिमीहरूलाई सत्ता दिन उही चाहिन्छ, उसैलाई भित्तामा थन्क्याएर राज गर्छौ

भारत सबैतिर घुम्दा १० रुपैयाँमा एकछाक अघाइने, गरिब पनि त्यहाँ भएका तर गरिबलाई बाँच्न समस्या नभएको पाइन्छ । त्यहाँ गणतन्त्र स्थापना हुनुअघि साक्षरता दर निकै कम र औसत आयु केवल २७ वर्षको थियो । गरिबी र पछौटेपनको धागोमा उनिएको भारत गणतन्त्रकै कारण आजको अवस्थामा आएको हो । त्यहाँका प्रधानमन्त्रीले भारतलाई कसैले हल्लाउन प्रयास नगरे हुन्छ भन्ने अभिव्यक्ति पनि दिँदै आएका छन् । साँच्चै सन् १९५० मा जब चीनले तिब्बत कब्जा गर्‍यो, भारतीय बोर्डरमा चीनका सैनिकहरू रहन थाले । पछि पाकिस्तानको उदयसँगसँगै हजारौं वर्षदेखि न्यानो सम्बन्ध हुँदै आएको भारत चीन मितेरीमा विरोधी नारा घन्कन थाले ।

ब्रिटिस साम्राज्यवादको विरोधसँगै भारतमा सामरिक चुनौती थपिँदै आयो र पनि उदीयमान भारत आगामी केही वर्षभित्रै ठुलै शक्तिका रूपमा उभिँदै छ, आर्थिक उन्नतिमा त अब्बल नै हुँदै छ । राजनीति र सरकार स्थिर छ, प्रशासनयन्त्र बलियो छ, ट्रान्सपरेन्सी इन्टरनेसनलको अध्ययन प्रतिवेदनमा ४० अंक स्कोर गरी विश्वको १८० देशमा ८५औं स्थान पाउन सफल भएको छ र त गणतन्त्रले सार्थकता पाएको छ । छिमेकी यस्तो राम्रो पाउँदा हाम्रो जिभ्रो रसाउन सकेन ।

हाम्रामा घरभँडुवा धेरै छन् ।

हाम्रामा घरभँडुवा धेरै छन् । चुनावमा नेताले जित्छन्, जनताले हार्छन् । यहाँ काग कराउँछ, पिना सुक्छ, के गर्ने ? हाम्रो गणतन्त्रले भ्याल भ्यालमा मन्त्रालयहरू झुन्ड्याएको छ, आफैं भान्से आफैं खान्छे भएको छ । देश दलहरूको भागबन्डामा फसेको छ । अदालत अनन्त द्वन्द्वमा छ । १२ बुँदे सम्झौताले ल्याएको यो ब्यवस्था अर्काको कम्फर्टेबलमा परेको छ । लिपुलेकको सिमानामा प्रश्न छैन । आफ्ना नागरिकप्रति सरकार बेखबर छ । कोरोनामा घरघरमा गएर खोप दिन सकेन । खाद्यवस्तु छोइसक्नु छैन । रातरातै सरकारी इन्धनको भाउ बढ्छ । संसद् खुल्दैन, खुले पनि सांसदहरू त्यहाँ निदाउँछन् । स्थानीय सरकार प्रमुखहरूलाई नयाँ गाडी किन्न हतारो छ । त्यहीं बेरुजु बढी छ, त्यहीं कर्मचारी टिक्दैनन् । कर उठाउनकै लागि ती संस्था अविच्छिन्न भए । नत्र कोरोना कालमा कसैको ढोका खुलेन । महानगरको आडैमा खानेपानीको लाइनै छैन, जोडिएकै छैन, फोहोर उठ्दैन । जसोतसो महिनामा एकपटक पैसा लिन आएको दिन मात्रै उठ्छ । डोजर लिएर बालेन कुद्दै छन्, दलहरूले तगारो हाल्दै छन् । दलले सिकाएको शिक्षाअनुसार बन्चरेडाँडामा बसेर मासुभात खाँदै गुलेली हान्दै फोहोरका गाडी तोडफोड गर्दै छन् । पार्किङको ब्यवस्था छैन । पैदल यात्रुका लागि ठाउँ छैन । सबैतिर ब्यापार मात्र छ । साँच्चै, सिंहदरबारको सिंह गर्जना गर्दै न्यूनतम पूर्वाधार नभई नगरपालिका केवल कर असुलीका लागि दैलोमा आएको छ । पछिल्लो गणनामा दुई तिहाई मानिस सडक, धारा, ढलबिना नै नगरवासी भएछन् । संवैधानिक आयोगहरू दलको भागबन्डामा नियुक्त भए, अन्य देशमा यस्तो हुन्न । स्थानीय तह र प्रदेशले जनतालाई दियो के ? अमेरिकामा कक्षा १२ सम्म शिक्षा निःशुल्क छ र अनिवार्य पनि । सरकारी स्कुलबाटै कृषिविज्ञ एवं अर्थविद्हरू पैदा हुन्छन् ।

चुनावमा नेताले जित्छन्, जनताले हार्छन् । यहाँ काग कराउँछ, पिना सुक्छ, के गर्ने ? हाम्रो गणतन्त्रले भ्याल भ्यालमा मन्त्रालयहरू झुन्ड्याएको छ, आफै भान्से आफै खान्छे भएको छ । देश दलहरूको भागबन्डामा फसेको छ । अदालत अनन्त द्वन्द्वमा छ । १२ बुँदे सम्झौताले ल्याएको यो व्यवस्था अर्काको कम्फर्टेबलमा परेको छ । लिपुलेकको सिमानामा प्रश्न छैन । आफ्ना नागरिकप्रति सरकार बेखबर छ । कोरोनामा घरघरमा गएर खोप दिन सकेन । खाद्यवस्तु छोइसक्नु छैन । रातरातै सरकारी इन्धनको भाउ बढ्छ । संसद् खुल्दैन, खुले पनि सांसदहरू त्यहाँ निदाउँछन् । स्थानीय सरकार प्रमुखहरूलाई नयाँ गाडी किन्न हतारो छ ।

त्यहीं बेरुजु बढी छ, त्यहीं कर्मचारी टिक्दैनन् । कर उठाउनकै लागि ती संस्था अविच्छिन्न भए । नत्र कोरोना कालमा कसैको ढोका खुलेन । महानगरको आडैमा खानेपानीको लाइनै छैन, जोडिएकै छैन, फोहोर उठ्दैन । जसोतसो महिनामा एकपटक पैसा लिन आएको दिन मात्रै उठ्छ । डोजर लिएर बालेन कुद्दै छन्, दलहरूले तगारो हाल्दै छन् । दलले सिकाएको शिक्षाअनुसार बन्चरेडाँडामा बसेर मासुभात खाँदै गुलेली हान्दै फोहोरका गाडी तोडफोड गर्दै छन् । पार्किङको व्यवस्था छैन । पैदल यात्रुका लागि ठाउँ छैन । सबैतिर व्यापार मात्र छ । साँच्चै, सिंहदरबारको सिंह गर्जना गर्दै न्यूनतम पूर्वाधार नभई नगरपालिका केवल कर असुलीका लागि दैलोमा आएको छ । पछिल्लो गणनामा दुई तिहाई मानिस सडक, धारा, ढलबिना नै नगरवासी भएछन् । संवैधानिक आयोगहरू दलको भागबन्डामा नियुक्त भए, अन्य देशमा यस्तो हुन्न । स्थानीय तह र प्रदेशले जनतालाई दियो के ?

अमेरिकामा कक्षा १२ सम्म शिक्षा निःशुल्क छ र अनिवार्य पनि । सरकारी स्कुलबाटै कृषिविज्ञ एवं अर्थविद्हरू पैदा हुन्छन् । अमेरिकामा पढेका विद्वान्हरू चीनले लिएको छ र उसले आफ्नो अर्थतन्त्रलाई अब्बल बनाएको छ । त्यहाँ पढेर आएकाहरू यहाँ एमसीसी पास गराएरै छोड्छौं भन्छन् । ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनले सुशासनमा डेनमार्कलाई अब्बल बनाएको छ र त्यहाँकी प्रधानमन्त्री कार्यालय जाँदा साइकल प्रयोग गर्छिन् । अमेरिकी पूर्वराष्ट्रपति ओबामाले छोरी पढाउन जागिर खाएको प्रसंग छ । हामीकहाँ पजेरो, प्राडोको लर्को, सुरक्षाको जत्था अनि भूतपूर्व राष्ट्रपतिलाई मासिक सरकारी रकमको व्यवस्था कति हुन्छ ? अमेरिका, भारतमा निर्वाचनको लफडा हुँदैन, सिस्टममा चुनाव हुन्छ । सिस्टमले नै नयाँ पद बहाली हुन्छ । यहाँ पदको रबाफ अनि सुविधाकै लागि चुनाव गर्न धम्कीको भाषा प्रयोग हुन्छ । चुनावी एजेन्डामा शिक्षा, स्वास्थ्य, पानी, बिजुली निःशुल्क हुन्छ । रोजगारीका लागि परदेश जानु पर्दैन कसले भन्छ ? यहाँ देखासिखी बढी छ र त आयातको ३५ प्रतिशत वस्तु उपभोगमा प्रयोग हुन्छ । निकासी देखाउन विदेशबाट आयात गरिएका केही वस्तु यहाँ सामान्य प्रशोधन गरी निर्यात गरिन्छ । अर्थतन्त्र उत्पादनमुखी छैन, आयातमुखी छ । जसबाट शोधनान्तर संकट थपिँदै छ । विश्वमा शोधनान्तर संकट भएका देशहरू भेनेजुयला, जिम्बावे, अर्जेन्टिनाजस्तै हुने हाम्रो तरखर छ । बेखबरसँग नगरपालिकाको संख्या वृद्धि र घरजग्गाको मूल्यवृद्धिले देशमा उपभोगको माग बढेको छ । नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिले बजारको मूल्य नियन्त्रण गर्न सकेको छैन र विदेशी मुद्राको सञ्चिती पनि । घर जग्गा सम्पत्तिको मूल्यवृद्धि भएपछि सामान्यतया मूल्य घट्ने होइन र त उपभोग्य सामानको भाउ घटेको छैन ।

आयातित विदेशी सामानमा मूल्य अभिवृद्धि कर बढाएर स्वदेशी उत्पादनका वस्तुमा कर घटाउनुको सट्टा एउटै बास्केटमा राखिएको छ । विकसित देशमा पुँजी खाता बढाउने प्रयास गरिन्छ, पुँजी निर्माणमै बढी खर्च गरिन्छ । कम विकसित देश आयातको भरमा हुन्छन्, अझ अनुदानको मुख ताकिन्छ । र पनि हामीकहाँ अनुदान घटेको छ अहिले, विप्रेषण पनि हाल मात्र अलि बढेको हो । व्यापारघाटा चुलिएको छ । आयात वृद्धि हुँदा वैदेशिक मुद्रा सञ्चिती घटेको छ । बढेको त्यो पनि ९५ दशमलव ४८ प्रतिशतले भनिएको भटमासको तेल निर्यातमा धेरैजसो आयात गरिएकै कच्चा तेल जसलाई प्रशोधन गरी निर्यात गरिएको हो । यो आफ्नो देशको उत्पादन होइन र त हामी खर्बौं रकम बराबरको सामान निर्यात गरेको भन्दै आफ्नै आत्मरतिमा अल्झिएका छौं । देशमा स्वदेशी उत्पादन छैन र राजनीतिको रंगमञ्चमा रमाएको देशमा उद्योगधन्दाहरू फस्टाउनुभन्दा मासिने क्रम बढी छ । देशमा आर्थिक वृद्धि दर न्यून तर सम्पतिको मूल्यांकन बढेको छ । विगतमा एकै महिनामा विदेशी मुद्रा सञ्चिती ३ खर्बले घटेको हो । बढ्दो व्यापारघाटा, घट्दो विप्रेषण, शोधनान्तर बचत न्यून, विदेशी लगानी पनि न्यून, सरकारी ऋण वृद्धि, अनि पर्यटन व्यवसाय ठप्प हुनु देशको संकट भन्नुपर्छ र पछिल्लो समय विकास ऋणपत्र जारी गरी पैसा उठाइएको छ ।

देशमा तीन तहको सरकार छ केवल जनताको घाँटी निमोठ्न मात्रै । तीनै तहको सरकारको दायित्व कमसेकम शिक्षा, स्वास्थ्य बिचौलियाको हातबाट छुटाउन हुनुपर्ने हो । उत्पादन बढाई आत्मनिर्भर बनाउन हुनुपर्ने हो । बेरोजगारी हल गरी देशको समृद्धिका लागि हुनुपर्ने हो, अवैतनिक र विशुद्ध सामाजिक सेवामा संलग्न भई देशमा आर्थिक क्रान्ति गरी सुखी र समृद्ध देश बनाउनका लागि हुनुपर्ने हो । तर, सबै रानी को भर्ने पँधेराको पानी ? भन्ने नेपाली उखान चरितार्थ हुँदै छ । ३२ वर्ष भयो परिवर्तन भएको तन्नेरी, लक्का जवान हुनुपर्ने होइन र ? अब वचपन छैन, सबै पाको भइसके, कपाल घामले फुल्यो कि कामले वा गफले ? हुने बिरुवाको चिल्लो पात देखिनुपर्ने होइन र ? चुनावमा एक्लै जान नसक्नेले देश एक्लै कसरी बनाउने हो, स्वतन्त्रहरूलाई जिम्मा दिएर साधुसन्त हुने बेला भयो कि अब ? राजधानी दैनिक

# एकै परिवारका तीनजनाको हत्या आरोपी सार्वजनिक

काठमाडौं । बेलका नगरपालिका-७ गोवाटार बस्ने एकै परिवारका तीन जनाको हत्या गरेको अभियोगमा पक्राउ परेका युवकलाई आज प्रहरीले सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय उदयपुरले आइतबार पत्रकार सम्मेलन गरेर ४० वर्षीय नर बहादुर बस्नेतलाई सार्वजनिक गरेको हो ।

एकै परिवारका ३७ वर्षीय राज कुमार बस्नेत, उनकै श्रीमती ३३ वर्षीया सरिता बस्नेत र छोरा १२ वर्षीय सुजन बस्नेतको धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने नर बहादुर शुक्रबार दिउँसो पक्राउ गरेको थियो । सोही ठाउँस्थित दिलुटार वादिम खोलामा नर बहादुरले खुकुरी प्रहार गर्दा तीनै जनाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय उदयपुर, ईलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला र ईलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । हत्याआरोपी बस्नेतलाई ७ दिनको म्याद थप गरी मुलुकी अपराध संहिता २०७४ को ज्यानसम्बिनध कसुरमा अनुसन्धान गरिरहेको जनाएको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# हिम इलेक्ट्रोनिक्सले शुरु गर्‍यो सामसुङ स्मार्ट प्लाजामा नँया शाखा

काठमाडौ । हिम इलेक्ट्रोनिक्सले काठमाडौंको नँयाबजार खुसिबुमा नयाँ सामसुङ स्मार्ट प्लाजाको शाखा उद्घाटन गरेको छ ।

शाखाको उद्घाटन सामसुङ साउथवेस्ट एसिया नेपाल ब्रान्च हेड मिस्टर पार्क र गोल्छा ग्रुपका अध्यक्ष तथा प्रबन्ध निर्देशक शेखर गोल्छाले संयुक्त रूपमा गरेका थिए ।

नेपालमा सामसुङ इलेक्ट्रोनिक्स र होम अप्लायन्सेसको आधिकारिक वितरक समेत रहेको हिम इलेक्ट्रोनिक्सले दरबारमार्गमा रहेको आफ्नो अत्याधुनिक शोरुमलाई पनि अपग्रेड गर्दै देशकै उत्कृष्ठ बनाएको छ ।

उक्त अवसरमा हिम इलेक्ट्रोनिक्सका निर्देशक सीमा गोल्छाले हिम इलेक्ट्रोनिक्सका अहिले उपत्यका बाहिर पाँच वटा सामसुङ स्मार्ट प्लाजा रहेको र हालसम्म उपत्यकाभित्र छ वटा आउटलेट सञ्चालनमा रहेको बताइन् । निर्देशक गोल्छाले हिम इलेक्ट्रोनिक्सले सामसुङ स्मार्ट प्लाजाहरू मार्फत उच्च र गुणस्तरीय सेवा देशभरका सम्पूर्ण ग्राहकहरूलाई प्रदान गर्दै आइरहेको र




भबिष्यमा आउटलेटहरु बिस्तार गर्दै ग्राहकहरूलाई सामसुङका गुणस्तरीय सामाग्रि उपलब्ध गराउने जानकारि गराइन् ।

सामसुङ स्मार्ट प्लाजाले सामसुङ होम अप्लायन्सेसदेखि सामसुङ मोबाइल फोनसम्मका सामाग्रीहरू बिक्री गर्दछ। कम्पनीले विगत २२ वर्षदेखि बजारमा उत्कृष्ट सामाग्री उपलब्ध गराउनुका साथै विश्व स्तरमा प्रख्यात सामाग्रीहरू उचित मूल्यमा उपलब्ध गराउदै आएको छ ।

# मिडिया काउन्सिल विधेयक प्रेस स्वतन्त्रता विरोधी छः वोर्णबहादुर कार्की

काठमाडौं । नेपाल प्रेस काउन्सिलका पूर्व अध्यक्ष वोर्णबहादुर कार्कीले मिडिया काउन्सिल विधेयक अनावश्यक रहेको बताएका छन् । प्रेस काउन्सिल ऐन, २०४८ लाई सुधार गरेको भए हुन्थ्यो । तर गोकुल बास्कोटाको पालामा सरकारले मिडिया नियन्त्रणका लागि मिडिया काउन्सिल विधेयक अघि बढायो । सचिवको नेतृत्वमा काउन्सिल बन्दा काउन्सिलको स्वायत्तता र स्वतन्त्रता रहँदैन । उनले स्वतन्त्र प्रेसको गला निमोठ्न विधेयक आएको आरोप पनि लगाए । कार्कीले भने, प्रेसले सधैंभरि सरकारको कमीकमजोरी उठाउँछ । पत्रकारलाई १० लाख जरिवानाको प्रावधानले प्रेस स्वतन्त्रता कुण्ठित हुन्छ । बोल्ने मुख र लेख्ने हात काम्छ । यो प्रेस बाँकी ६ पृष्ठमा

# नेकपा मालेको केन्द्रीय कमिटीको बैठक सम्पन्न

मोहन कार्की ।

काठमाडौ । प्रदेश/प्रतिनिधिसभा निर्वाचनको नजिकिदै गर्दा राजनीतिक दलहरुले आ-आफ्नो गतिविधि तिब्र पारिरहेका छन् । सभा,भेला, गोष्ठी र जिल्ला जिल्लामा को नेता बन्ने होड देशभरी चलिरहेको छ । असल र सक्षम नेतृत्व जनताले चुन्न पाउने अवसर यहि हो भने पार्टीहरुले असल, सक्षम, योग्य, दक्ष नेतृत्व जनतामा पठायर जनताको मत लिई पार्टीको नीति कार्यक्रम जनताको लागि जनतामानै लागु गर्न पाउने स्वर्णीम




अवसर पनि हो । यस्तो अवसर नेपालको संविधान अनुसार ५ बर्षमा मात्र आउने गर्छ । २०७२ सालमा नयाँ संविधान जारी भइसकेपछि दोस्रो आवधिक निर्वाचन हुदैछ ।

यही समयमा नेकपा मालेलाई निर्वाचनको माहोलले नछुने कुरै भयन । त्यही भएर निर्वाचनको लागि एकदिन पोलिट व्यूरोको बैठक, अर्कोदिन स्थाई कमिटीको बैठक र त्यसैको भोलिपल्ट अर्थात भाद्र १९ र २० गते केन्द्रीय कमिटीको बैठक बसी निर्वाचन केन्द्रीत छलफल गरी नेकपा माले पार्टीलाई राष्ट्रिय पार्टीको रुपमा विकास गर्ने अजेन्डा तयार गरेका छन् ।

बैठकमा पोलिट व्यूरोले गरेका निर्णयहरु केन्द्रीय कमिटीमा राखि अनुमोदन गर्दै पार्टीका महासचीवले राखेका राजनीतिक प्रतिवेदन प्रस्तुत भएको थियो । राजनीतिक प्रतिवेदनमा राष्ट्रिय-अन्तराष्ट्रिय बिषय समावेश भएपनि निर्वाचनकै बिषयले प्राथमिकता पाएको थियो । देशभरीवाट आएका केन्द्रीय सदस्यहरुको नेकपा माले पार्टीलाई राष्ट्रिय पार्टी कसरी बनाउन सकिन्छ भनेर जोड दिएका थिए ।


विगतका तिता-अनुभव र वर्तमानमा पार्टीले खेल्नुपर्ने भुमिकाका बिषयमा निक्कै चासो र चिन्ताका साथ केन्द्रीय सदस्यहरुले आ-आफ्नो धारणा राखेका थिए । माथिल्ला पदहरुमा रहेका सवै केन्द्रीय कमिटीका सदस्यहरु अनिवार्य प्रत्यक्ष निर्वाचन जानलाई बहुमत सदस्यले माग गरेका थिय जसमा महासचीव चन्द्र प्रसाद मैनाली अर्थात सिपी मैनालीले झापाको क्षेत्र न. २ वाटा प्रतिनिधिसभाको लागि निर्वाचनमा जाने देखि लियर कैलालीका सिता चौधरीसम्म निर्वाचनमा जान उच्च मनोवल बोकेर फील्डमा उत्रने भएका छन् भनि पार्टीका स्थायी कमिटी सदस्य तथा प्रवक्ता कुमार वेलवासेले जानकारी दिएका हुन् ।

वेलवासेकै अनुसार , पहिलो बुदामा नै १९ सदस्य निर्वाचन परिचालन कमिटी बनाईएको जसको नेतृत्व महासचीव सिपी मैनालीले नै गर्ने र संयोजक स्थाई कमिटी सदस्य कुमार वेलवासेले गर्ने गरी टिम बनाएको छ । सदस्यहरुमा खगेन्द्र प्रसाई, कृष्ण राना, दिनानाथ घिमिरे, निलम केसी, रामचन्द्र गुप्ता, राम प्रसाद चौलागाई, तँ बहादुर विश्वकर्मा, भगवती घिमिरे,मान वहादुर शाही, मनशोभा पाण्डे,केदार गिरी, खेम विक, खिम बहादुर शिवाकोटी, विवेक वाइवा, सुर्य रेग्मी,महेन्द्र शाह, माधव केसी, सुलोचना महर्जन रहेको कमिटी बनेको बेलवासेले जानकारी दिएका हुन् ।

त्यसैगरी पार्टीले विचार मिल्ने र साना ठुला दलहरुसँग वार्ता गर्ने र निर्वाचनमा तालमेलमा जानको लागि वार्ता टोली गठन गरेको छ ।

जसमा महासचीवको नेतृत्वमा दिनानाथ घिमिरे, कृष्ण राना, जनक कुमारी चालिसे, विवेक वाइवा, बसन्त पाण्डे गरी ६ सदस्यीय कमिटी गठन गरेको छ ।

त्यसैगरी अर्को निर्वाचनमा जनताका न्युनतम् आवश्यकता पुर्ति गर्न घोषणा पत्रमा समेटेर जनतामा जानको लागि पनि मस्यौदा कमिटीको नेतृत्व पनि महासचीवको नेतृत्वमा कुमार वेलवासे, दिनानाथ घिमिरे, खगेन्द्र प्रसाई , सुरेन्द्र ढकाल, जनक चालिसेलाई जिम्मा दिएको छ भने उक्त टिमलाई ९ सदस्यीय बनाउने गरी निर्माण गरिएको प्रवक्ता वेलवासेले जानकारी दिएका हुन् । निर्वाचनमा नेकपा, माले, नेकपा एमाले, राप्रपा, विवेकशील साझा पार्टी निर्वाचन तालमेलमा जाने बाहिर हल्लाहरु भएपछि यसको आधिकारिक पुष्टि भएको छैन । माथि उल्लेख भएजस्तै तालमेल भएको खण्डमा नेपाली काँग्रेसको नेतृत्वको गठबन्धन सरकार भर्सेज नेकपा बाँकी ६ पृष्ठमा




# रामेछाप डायरी

## रामेछाप काँग्रेसमा कान्छारामसहित प्रत्यक्षमा ५ र समानुपातिकमा ८ जनाको सिफारीस

रामेछाप । नेपाली काँग्रेस रामेछापले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्ष र समानुपातिकका लागि उम्मेदवार सिफारीस गरेको छ । उम्मेदवारको नाम प्रदेश समितिलाई सिफारीस गरिएको हो । शनिबार वसेको जिल्ला समितिको बैठकबाट प्रत्यक्ष तर्फ जिल्ला सभापति पूर्णवहादुर तामाङ ( कान्छाराम) पूर्व जिल्ला सभापति रामचन्द्र खड्का, पूर्व जिल्ला सचिव एकवहादुर वस्नते , जिल्ला पार्टी प्रवक्ता नारायण वहादुर बोगटी र पूर्व जिल्ला कोषाध्यक्ष कुमार श्रेष्ठको नाम सिफारीस गरीएको हो ।

प्रत्यक्ष तर्फ उम्मेदवारको सिफारीसमा परेका कान्छाराम यस अघीको निर्वाचनमा पराजित भएका थिए । खड्का भने संविधान सभा निर्वाचनमा पराजित हुन । अन्य ३ जना नयाँ अनुहारले प्रत्यक्ष तर्फ निर्वाचनमा जाने रुचि देखाएका छन् । काँग्रेसले आकांक्षि जति सवैलाई सिफारीस गरेको हो त्यसैगरी प्रतिनिधिसभाको समानुपातिक तर्फ नौ जनाको नाम सिफारीसमा परेको छ । आङटावा शेर्पा, गेल्जे शेर्पा, डा. सुमन कर्माचार्य, मञ्जु पूर्वे, मुक्त महते , सुशिला खड्का मिश्र, विद्यासागर योञ्जन , सुरेन्द्र घिसिङ र हिमाल दाश श्रेष्ठले समानुपातिको लागि आकांक्षा देखाएका छन् । समानुपातिक उम्मेदवारमा सिफारीस भएका आङटावा शेर्पा संविधानसभा सदस्य हुन । समानुपातिकमा आकांक्षा राख्ने सवैको नाम सिफारीस गरीएको हो । यसअघी प्रदेश सभा क र ख का लागि प्रत्यक्ष र समानुपातिक दुवैमा गरी ६४ जना आकांक्षिको नाम प्रदेश कार्यसमितिबाट सिफारीस भएकोमा उक्त नामहरुलाई पनि जिल्ला समितिले सिफारीस गरेर प्रदेशमा पठाएको छ ।

## दोस्रो रामेछाप कप फुटबल प्रतियोगीता आयोजना हुँदै

रामेछापको जिल्ला सदरमुकाम मन्थलीमा ‘दोस्रो रामेछाप कप खुला पुरुष फुटबल प्रतियोगीता’ आयोजना हुने भएको छ । आयोजक दिपशिखा ब्वाइज युनाइटेड क्लबका अध्यक्ष आशिष कार्कीका अनुसार मन्थली नगरपालिका वडा नम्बर २ स्थित करम्बोट खेल मैदानमा असोज १० गतेदेखि १५ गतेसम्म प्रतियोगीता आयोजना हुनेछ । उहाँका अनुसार यो प्रतियोगीताको प्रायोजक मन्थली नगरपालिका छ । आयोजक क्लबका उपाध्यक्ष निकुन कार्कीले रामेछाप कप फुटबल प्रतियोगीता मन्थली नगरको मात्रै नभई रामेछाप जिल्लाकै प्रतिष्ठासँग जोडिएको बताएका छन् । उनका अनुसार प्रतियोगीतामा ५ जिल्लाका क्लबहरुले सहभागीता जनाउने अनुमान गरिएको छ । रामेछाप कपको विजेताले उपाधी सहित ३ लाख ३ हजार नगद पुरस्कार पाउनेछ भने उपविजेताले २ लाख २ हजार नगद पुरस्कार पाउनेछ । तृतीय हुने क्लबले १ लाख १ हजार नगद पुरस्कार पाउँदा सान्त्वना स्थान हासिल गर्ने क्लबले नगद २५ हजार पाउने छ । व्यक्तिगत विद्यातर्फ विभिन्न शिर्षकमा उत्कृष्ट खेलाडीहरुलाई पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको क्लबका सचिव किशोर थापाले जानकारी दिनुभयो । प्रतियोगिता राष्ट्रिय स्तरकै हुने र सहभागी क्लबहरुमा राष्ट्रिय स्तरकै चर्चित खेलाडीहरूको सहभागीता रहने बताईएको छ । पछिल्लो २ वर्ष कोरोना माहामारीका कारण हुन नसकेको रामेछाप कप यस पटक दशैंको सम्मुखमा आयोजना हुन लागेको हो ।

## माओवादी केन्द्र रामेछापले संघमा ११ जनाको नाम सिफारिस

रामेछाप । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्र रामेछापले संघीय सांसद्को प्रत्यक्ष तर्फ उम्मेद्वारको लागि ६ जनाको नाम सिफारिस गरेको छ । पार्टीले कूल ११ जनाको नाम सिफारिस गरेको जनाएको छ ।  सदरमुकाम मन्थलीमा दुई दिन बसेको जिल्ला कमिटी बैठकले कमान सिङ् मोक्तान, सिल्लीमान तामाङ, बिक्रम राना मगर, युवराज चौलगाई, लक्ष्मी गुरुङ र श्याम कुमार श्रेष्ठको नाम सिफासिर गरेको जिल्ला कमिटी सदस्य दीपक राज प्रसाईले जानकारी दिए । जसमा मोक्तान निवर्तमान गाउँपालिका अध्यक्ष हुन् । तामाङ संविधानसभा सदस्य हुन् । त्यस्तै चौलगाई पार्टीको पोलिट्ब्यूरो सदस्य एवं विदेश विभाग प्रमुख हुन् । गुरुङ् पार्टीको केन्द्रिय कमिटी सदस्य,संविधानसभा सदस्य, पुरानी र सक्रिय नेतृ हुन् । त्यस्तै श्रेष्ठ हाल पनि सांसद् हुन् । उनी जिल्ला ईन्चार्ज एवं पूर्व गृहराज्य मन्त्री हुन् ।  त्यसै समानुपातिक तर्फ उद्दब रम्तेल, नरेशबाबु श्रेष्ठ, श्वयाम नारायण श्रेष्ठ, सुनिता गौतम र श्रीबहादुर माझीको नाम सिफासिर गरिएको पार्टी जिल्ला अध्यक्ष मैनकुमार मोक्तानले बताए ।

## एमाले रामेछापले संघमा ५-५ जनाको नाम सिफारिस

रामेछाप । नेपाल कम्युनिष्ट पार्टी नेकपा (एमाले) रामेछापले संघीय र प्रदेश सभा सदस्य सिफारिस गरेको छ । आइतबार र सोमबार बसेको पाचौं पूर्ण बैठकले संघमा खुल्ला तर्फ ५ जना र समानुपातिक तर्फ ५ जनाको नाम सिफारिस गरेको पार्टी उपसचिव एवं प्रचार प्रकाशन प्रमुख प्रकाश कार्कीले जानकारी दिए । उनका अनुसार प्रत्यक्ष तर्फ संघमा कमलप्रसाद चौलागाई, कैलाश ढुङ्गेल, माधव ढुङ्गेल, रत्नप्रसाद गौतम र केशरबहादुर बुढाथोकी रहेका छन् । जसमा चौलागाई पूर्वमन्त्री, सांसद्, पार्टीका पूराना नेता हुन् । उनी हाल पार्टीको सहकारी विभाग प्रमुख हुन् । त्यस्तै कैलाश ढुङ्गेल पार्टीका केन्द्रिय सदस्य,जिल्ला ईन्चार्ज, बागमती प्रदेशका निवर्तमान् आर्थिक मामिला तथा योजनामन्त्री  हुन् । उनी ओलीका विश्वास पात्र पनि मानिन्छन् ।

त्यस्तै माधव ढुङ्गेल राष्ट्रिय युवा परिषद्का कार्याकारी उपाध्यक्ष बनि सकेका छन् । उनी युवा नेता मानिन्छन् । ढुङ्गेल पछिल्लो समय युवा संघ, ( अनेरास्ववियु) मा लामो समयदेखि आबद्ध युवाहरुका सारथी जस्तै मानिन्छन् । कैलाश र माधव नाताले १३ दिने दाजुभाई हुन् ।  गौतम पार्टीमा सक्रिय बागमती प्रदेश कमिटी सदस्य हुन् । उनी एक सफल ब्यवसायी पनि हुन् । त्यस्तै बुढाथोकी पार्टीका सक्रिय नेता हुन् ।  त्यस्तै उपसचिव कार्कीका अनुसार समानुपातिकमा गीता कार्की, कलप्रकाश सुनुवार, नामगेल शेर्पा, घनश्याम सार्की र यसिमा महतको नाम सिफासिर गरिएको छ । सामानुपातिकमा पर्ने कार्की केन्द्रिय सदस्य हुन् । त्यस्तै शेर्पा पार्टी निकट जनजाती संस्थाको जिल्ला अध्यक्ष हुन् । त्यस्तै सार्की पनि पार्टीका पूराना सक्रिया नेता हुन् भने महत पत्रकारीत गरिन्छन् ।

# बैंक अफ काठमाण्डूको कार्डबाट e–commerce कारोबारमा क्यासब्याक योजना

काठमाडौं। बैंकले नेपालीहरुको आउदै गरेको महान चाडपर्वहरु लक्षित गरी बैंकको डेबिट र क्रेडिट कार्डमाफत हुने सम्पूर्ण भ-अयmभचअभ कारोबारमा नगद फिर्ता योजना ल्याएको छ। बैंकको कार्डबाहक महानुभावहरुले विभिन्न




ईकमर्स प्याटफर्मबाट सामान तथा सेवाहरु खरिद गरी बैंकको कार्ड प्रयोग गरी भुक्तानी गर्नुभएमा ग्राहक महानुभावहरुले कारोबार रकमको १० प्रतिशत वा अधिकतम् रु १५०० सम्म नगद फिर्ता पाउनुहुनेछ।

नगदफिर्ता योजना यहि २०७९ साल भाद्र २२ गते बुधबारबाट सुरु हुने उल्लेख गरेर पठाएको छ। नगदफिर्ता योजना अर्न्तगत बैंकको कार्डबाहक महानुभावहरुले नगदफिर्ताको लागि योजना अवधिभर ३ वा सो भन्दा धेरै संख्याको ईकमर्स कारोबार गर्नुपर्ने छ र कारोबार रकम रु. १०,००० वा सो भन्दा बढि रकम हुन पर्नेछ। यदि कोहि महानुभावहरुको कार्ड अनलाइन कारोबारको लागि दर्ता भएको छैन भने कार्डबाहक महानुभावहरुले बैंकको वेवसाइटमा गई आफै कार्ड अनलाइन कारोबारको लागि दर्ता गर्न सक्नेछन् अथवा आफुलाई पायक पर्ने बैंकको कुनैपनि शाखा कार्यालयमा गई अनलाइन कारोबारको लागि निशुल्क दर्ता गर्न सक्ने उल्लेख छ।

बैंकको आफ्नो डेबिट तथा क्रेडिट कार्डबाहक महानुभावहरुले विभिन्न ईकमर्स प्लेटफर्महरुमा अनलाइन माध्यमबाट आफुलाई मनपर्ने सामानहरु खरिद गरी बैंकको कार्डबाट विध्रुतीय माध्यमबाट भुक्तानी गरिरहेकाहरुले पछिल्लो समय कार्डबाट हुने विध्रुतिय भुक्तानी कारोबारमा बैंकको ग्राहक महानुभावहरुको रुची वृद्धि भईरहेको छ। यस्तै रुचीहरुको निरन्तरता तथा रुची वृद्धिको लागि यस बैंकले विभिन्न समयमा कार्डबाहक महानुभावहरुको फाईदाको लागि नगद फिर्ता तथा छुट योजनाहरु ल्याइरहेको उल्लेख छ।

नगद फिर्ता योजनाले ग्राहक महानुभावहरुलाई धेरै फाईदा हुने भएकोले उक्त योजनामा ग्राहक महानुभावहरुको उच्च सहभागिता रहने विश्वास बैंकले लिएको उल्लेख छ। नगद फिर्ता योजना सिमित अवधिको लागि भएको हुनाले यस नगद फिर्ता योजनामा चाडै सहभागि भई कार्डबाहक महानुभावहरुलाई फाईदा लिन बैंकले आग्रह गरेको छ।

विध्रुतिय कारोबारमा बैंकको ग्राहक महानुभावलाई उत्प्रेरित गर्ने हेतुले बैंकले विभिन्न ईकमर्स प्लेटफर्महरु, विभिन्न होटलहरु, रेस्टुरेन्टहरु, फिटनेस सेन्टरहरु, स्टोरहरु, अस्पतालहरु, स्वास्थ्य क्लिनिकहरु, ईन्स्टिच्युटहरुमा छुटहरु प्रदान गरीरहेको र भविष्यमा पनि यस्ता योजनाहरु ल्याई ग्राहक महानुभावहरुलाई लाभाम्वित बनाउन बैंक प्रतिवद्ध रहेको उल्लेख छ।

हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले १०३ शाखा कार्यालयहरु, ९८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आईरहेको उल्लेख छ।

# कुमारी बैंक र बाराही पोलीक्लिनिक एण्ड अर्थो केयर प्रा. लि. बीच सम्झौता

कुमारी बैंक लिमिटेड र पोखरास्थित बाराही पोलीक्लिनिक एण्ड अर्थो केयर प्रा। लि। बीच कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरुलाई बाराही पोलीक्लिनिक एण्ड अर्थो केयरबाट प्रदान गरिने सेवाहरुमा विशेष छुट प्रदान



गर्ने समझदारी भएको छ।

यस सम्झौता अनुसार कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरुले सो बाराही पोलीक्लिनिक एण्ड अर्थो केयरबाट सेवा लिए वापत कुनै पनि भुक्तानी कुमारी बैंकको डेबिट/क्रेडिट कार्डबाट गर्दा प्रक्रियागत शुल्कहरूमा २०%, प्रयोगशाला शुल्कहरूमा १५%, एक्स-रेमा १०%, र औषधी शुल्कहरूमा ५% छुट प्राप्त गर्न सकिनेछ। यस सुविधाबाटसेवाग्राहीहरुले गुणस्तरिय सेवा प्राप्त गर्नुका साथै अधिकतम लाभ समेत प्राप्त गर्न सकिनेमा बैंक विश्वस्त रहेको छ। कुमारी बैंकले आफ्ना देशव्यापी १९८ शाखा सञ्जाल, १९४ एटिएम, ५० शाखारहित बैंकिङ्ग ईकाई तथा २४ एक्सटेन्सन काउन्टरबाट अत्याधुनिक बैंकिङ्ग सुविधाहरु दिँदै आएको र आगामी दिनहरुमा अझ सुरक्षित, सरल, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्न डिजिटल पूर्वाधार प्रविधि र क्षमतालाई सुदृढ पार्दै लगिने प्रतिबद्धता जनाएको छ।

# एनआईसी एशिया बैंकले ल्यायो चाडपर्वलक्षित योजना

सहज एवं सबल बैंकिङको मूल सिद्धान्तअनुरुप गतिशील बैंकिङको अभ्यास गर्दै आएको यस एनआईसी एशिया बैंकले समयअनुरुप विभिन्न ग्राहकमैत्री आकर्षक योजनाहरु ल्याउने क्रममा बडा दसैं, दीपावली, नेपाल सम्वत् तथा छठ पर्वको पावन अवसरमा मोबाइल बैंकिङ एप (एनआईसी एशिया मोबैंक) मार्फत दुई महिनासम्म निःशुल्क आन्तरिक रेमिट्यान्स पठाउन सकिने आकर्षक योजना सार्वजनिक गरेको छ।

बैंकले यही भदौ १५ गतेदेखि कात्तिक १५ गतेसम्म लागू हुने गरी ल्याएको यस नयाँ योजनामा बैंकका ग्राहकले एनआईसी एशिया मोबैंक प्रयोग गरी एक ठाउँबाट अर्को ठाउँ निःशुल्क रुपमा रकम पठाउन सक्नेछन्। सेल्फ हेल्प बैंकिङको




अवधारणा अनुरुप एनआईसी एशिया मोबैंकमार्फत नै आन्तरिक रेमिट्यान्स देशभर पठाउन सकिने यस नवीन सुविधाबाट बैंकका ग्राहकले आफ्नो परिवार, आफन्त वा साथीहरुलाई सहज रुपमा रकम पठाई योजनाको भरपुर लाभ उठाउन सक्नेछन्। यस योजनाअन्तर्गत ग्राहकले जुनसुकै स्थानबाट, जुनसुकै समयमा आफ्नो एनआईसी एशिया मोबैंकबाट रेमिट रकम सहज रुपमा पठाउन सक्नेछन्। यसका लागि ग्राहकले आफ्नो मोबाइलमा रहेको एनआईसी एशिया मोबैंकभित्र रहेको 'आईरेमिट' आइकनमा ट्याप गरेपश्चात् पठाउन चाहेको रेमिट्यान्स रकम, प्राप्त गर्नेको विवरण (नाम, मोबाइल नम्बर एवं ठेगाना) उल्लेख तथा रेमिट्यान्स पठाउनुको उद्देश्य छनौट गरी सुरक्षित रुपमा रेमिट्यान्स पठाउन सक्नेछन्। यसरी दैनिक अधिकतम रु. २५ हजारसम्म रकम पठाउन सकिनेछ। यस माध्यमबाट पठाएको रकम देशभर रहेका एनआईसी एशिया बैंकका सम्पूर्ण शाखा तथा विस्तारित काउन्टरका साथै १२ हजारभन्दा बढी रेमिट एजेन्टबाट नगद रकम सहजै झिक्न सकिनेछ। डिजिटल कारोबार गर्नुपर्ने आजको आवश्यकतालाई बैंकले ल्याएको यस योजनाबाट ग्राहकलाई बैंक शाखासम्म पुगेर भौतिक फारम भरी रेमिट्यान्स पठाउनुपर्ने झन्झबाट मुक्ति मिल्नुका अलावा ग्राहकको अमूल्य समयको बचत गर्नसमेत सहयोग मिल्ने विश्वास बैंकले लिएको छ। आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र भरोसाले गर्दा एनआईसी एशिया मुलुकभर रहेका ३५९ शाखा कार्यालय, ४७३ एटीएम, १०२ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखारहित बैंकिङमार्फत बैंकिङ सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ। देशको कुल जनसंख्या मध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रुपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई यो बैंकमार्फत सेवा दिन बैंक सफल भएको छ। देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुर्याउन उत्तरदायी बैंकिङको अभ्यास गर्दै स्थापनाकालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रु. १९ अर्ब ९२ करोडभन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा करिब रु. ३ अर्ब ४१ करोडभन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाई समग्र वाणिज्य बैंकहरुमध्ये सबैभन्दा बढी कर दाखिला गर्ने बैंकको रुपमा स्थापित हुन बैंक सफल भएको छ। जुन समग्र देशको अन्य कम्पनीहरुको तुलनामा छैटौं ठूलो योगदान रहेको छ। वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यानजस्ता बैंक तथा वित्तीय संस्थाको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरुमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्था नपुगेको ३४ भन्दा बढी स्थानीय निकायमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ। देशको कुल जनसंख्याको ८० प्रतिशतभन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२ प्रतिशत शाखा कार्यालय स्थापना गरेको छ।

# ग्लोबल आइएमई बैंकको एटीएम बुटवलको देवीनगरमा

ग्लोबल आइएमई बैंक देवीनगर शाखाले आफ्नो शाखा परिसरमा दोस्रो एटीएम सेवा सञ्चालनमा ल्याएको छ। नयाँ एटिएम सेवा थप भएसँगै ग्लोबल आइएमई बैंकको एटीएम संख्या २७३ पुगेको छ। उक्त एटीएम सेवाको बुटवल उपमहानगरपालिका-११ देवीनगरका वडाध्यक्ष रामचन्द्र क्षेत्री तथा बैंकका लुम्बिनी



प्रदेश प्रमुख रवि श्रेष्ठले संयुक्त रुपमा उद्घाटन गरेका छन्। एटीएम सेवा समुद्घाटन गर्दै वडा अध्यक्ष क्षेत्रीले बुटवल उपमहानगरपालिकाकै सबैभन्दा ठूलो वडामा रहेको बैकको एटिएमले सेवाग्राहीलाई धेरै सुविधा पुऱ्याउने बताए। मुलुकका ७७ वटै जिल्लामा २८९ शाखा रहेको नेपालको पहिलो निजी क्षेत्रको बैंकले २७३ एटीएम, २७५ शाखारहित बैंकिङ सेवा, ५२ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८९० भन्दा बढी सेवा केन्द्रबाट सेवा प्रदान गर्दै आएको छ।

## अर्थ संसार

# सिद्धार्थ बैंकले सी-आस्बा शुल्क नलिने

पछिल्लो समय आईपीओ भर्दा सी-आस्बा शुल्क नलिने बैंकको संख्या

SIDDHARTHA BANK LTD

बढ्दै गएको छ। यसै क्रमा सिद्धार्थ बैंक पनि सी-आस्बा शुल्क नलिने बैंकको सूचीमा थपिएको छ। यो बैंकहरूले आईपीओ भर्ने ग्राहकले तिर्नुपर्ने सी-आस्बा शुल्कमा पूरै छुट दिने भएका छन्। योसँगै सी-आस्बा सेवा निःशुल्क प्रदान गर्ने बैंकको संख्या सात पुगेको छ। आईपीओ भर्दा लाग्ने शुल्क एनआईसी एशिया, राष्ट्रिय वाणिज्य, कुमारी, नबिल, सानिमा र नेपाल बैंकले नलिने घोषणा गरिसकेका छन्। यसअघि, सिद्धार्थ बैंकले सी-आस्बावापत १० रुपैयाँ शुल्क लिँदै आएको थियो। नेपाल धितोपत्र बोर्डले सी-आस्बा सेवाको शुल्क अधिकतम पाँच रुपैयाँसम्म लिन पाउने व्यवस्था गरेपछि बैंकहरूले यसलाई निःशुल्क गर्न थालेका छन्।

# सन्राइज बैंकको गज्जबको मुद्दति खाता

सन्राइज बैंकले आफ्ना ग्राहकको आवश्यकतालाई मध्यनजर गर्दै १५ गुणासम्मको प्रतिफल दिने 'गज्जबको मुद्दति खाता' ल्याएको छ। सन्राइज गज्जबको मुद्दति खाता नाम दिइएको उक्त खातामा तोकिएको समयसम्म

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED

मुद्दति गरिएको रकमको ५ गुणा देखि १५ गुणा सम्म रकम प्राप्त गर्न सकिन्छ। १४ वर्ष ८ महिनामा मुद्दति रकम ५ गुणा हुने, २० वर्ष ११ महिनामा मुद्दति रकम १० गुणा हुने र २४ वर्ष ७ महिनामा मुद्दति रकम १५ गुणा हुने बैंकले जनाएको छ।

यस योजनामा सहभागी हुन न्युनतम २५ हजार रुपैयाँ मुद्दति गर्नुपर्ने छ। उक्त योजनाको अवधिमा पैसा आवश्यक परे जम्मा भएको रकमको ९० प्रतिशत सम्म कर्जा समेत लिन सकिने बैंकले जनाएको छ।

यस योजनामा सहभागी हुने ग्राहकलाई बैंकले ५ लाख रुपैयाँसम्मको क्रेडिट कार्डको जारी शुल्क र लकर शुल्क नलाग्ने व्यवस्था गरेको छ।

# इसेवाले ल्यायो मेरो यात्राको साथी अफर

भुक्तानी सेवा प्रदायक इसेवाले आसन्न विभिन्न चाडपर्वलाई लक्षित गर्दै 'मेरो यात्राको साथी' नामक अफर सार्वजनिक गरेको छ। अफरअन्तर्गत यात्रुहरुले यात्रा गर्दा विभिन्न सेवामा आकर्षक क्यासब्याक पाइने कम्पनीले जनाएको छ। अफरमा हवाइजहाज टिकेटिङ, बस टिकेटिङ, होटेल बुकिङ तथा अन्तर्राष्ट्रिय हवाइजहाज टिकेटिङमा आकर्षक अफरहरु सामेल गरिएका छन्। यसका साथै यो सेवा प्रयोग गर्ने एक भाग्यमानी प्रयोगकर्ताले बम्पर उपहारस्वरुप नयाँ सुजुकी एभेनिस स्कुटर प्राप्त गर्न सक्नेछन्।अफरअन्तर्गत पहिलो पटक हवाइजहाज टिकट खरिदकर्ताको लागि थप ३ प्रतिशत अथवा ३ सय रुपैयाँसम्म क्यासब्याक प्राप्त हुनेछ। जसका लागि प्रोमोकोड 'नयाँ' प्रयोग गर्नुपर्नेछ। यस्तै ३ वटा टिकट खरिद गर्दा थप रु १ सय ५० प्राप्त गर्न सकिनेछ। यसका लागि प्रोमोकोड थ्रिपावर उल्लेख गर्नुपर्नेछ। यस्तै इसेवामार्फत भदौ १६ गतेदेखि एक महिनासम्म होटल बुक गर्दा २० प्रतिशत




छुट प्राप्त गर्न सकिनेछ। इसेवामार्फत होटल बुक गर्दा भदौ २२ र असोज १ गते १ बजेदेखि १:३० बजेसम्म आधाघण्टाका लागि ५० प्रतिशत अथवा ४ हजारसम्म छुट प्राप्त गर्न सकिनेछ।

यस्तै भदौ १९, भदौ २२, असोज २ गते बुक गर्दा एक भाग्यशाली जोडीले रु ५ हजार बराबरको होटलमा बस्न पाउनेछन्। यस्तै अफर अन्तरगत बसको टिकट काट्दा हरेक दिन एक जना व्यक्तिले २ सय प्रतिशत क्यासब्याक प्राप्त गर्न सक्नेछन्। यसैगरी अन्तर्राष्ट्रिय हवाइ टिकट खरिदमा हरेक आइतबार बेलुकी ४ देखि ५ बजेसम्म ५ प्रतिशत अतथा रु २५ सय सम्म क्यासब्याक प्राप्त गर्न सकिनेछ। यो अफर भदौ १६ देखि असोज १६ गतेसम्म लागु हुनेछ। सेवाग्राहीले दिइएको प्रोमो कोडको अनिवार्य प्रयोग गर्नुपर्नेछ। इसेवाले हाल एण्ड्रोइड मोबाईलमा ५२ लाख र आइओएस मोबाइलमा करिब १० लाख गरी ६० लाख बढी ग्राहकलाई एप्स् मार्फत सेवा प्रदान गरिरहेको छ। इसेवाले नेपालका सुविधा सम्पन्न क्षेत्रदेखि विकट वस्तीहरुमा हुने आर्थिक कारोबारलाई डिजिटल माध्यम मार्फत धेरै किसिमका सहजता ल्याएको छ। इसेवाबाट इन्स्योरेन्स्को प्रिमियम भुक्तानी, इन्टरनेट, बिजुली तथा खानेपानीको महशुल भुक्तानी, मोबाईल, टेलिफोन रिचार्ज तथा टपअप, हवाइजहाज, बसको टिकट, स्कुल कलेजको शुल्क लगायतका सेवाहरूको शुल्क भुक्तानी गर्न सकिन्छ। इसेवामा हाल ५२ वटा बैंक तथा वित्तीय संस्था सदस्य रहेका छन्। यी बैंकबाट इसेवामा सहजै रकम जम्मा गर्न तथा इसेवाबाट बैंक खातामा रकम पठाउन सकिन्छ।

## नागरिकता........

नेपाल सरकारले हाल वंशज अर्थात् नेपालको नागरिकको सन्तति भएको आधारमा, अङ्गीकृत नेपाली नागरिक ( वैवाहिक अङ्गीकृत नेपाली नागरिकता सहित) को आधारमा, गैरआवासीय नेपाली नागरिकता र सम्मानार्थ नेपाली नागरिकता प्रदान गरिने विधेयकमा प्रस्ताव गरिएको छ । यसअघि २०६३ सालको संविधानले आमा र बुबामध्ये एक जना नेपाली नागरिक हुनुपर्ने सर्तसहित जन्मसिद्ध अर्थात् नेपालमा जन्मिएको आधारमा समेत नागरिकता उपलब्ध गराइने व्यवस्था गरेको थियो ।

तर २०७२ को संविधानले जन्मसिद्ध, वैवाहिक अङ्गीकृत र अङ्गीकृतको हकमा सङ्घीय कानुन बनाएर नागरिकता दिइने जनाएको थियो।

“लाखौं मानिस नागरिकता पाउनबाट वञ्चित भए । थुप्रै युवायुवतीको उच्च शिक्षा प्रभावित भएको छ । कतिले सवारीचालक अनुमतिपत्रदेखि राहदानी बनाउन पाएका छैनन् । ब्याङ्क खाता खोल्न पाएका छैनन्,“ भन्दै तराई मुलका संसदहरुले नागरिता बिधेयक सम्बन्धि अधिकारको बिषय उठाउदै आएका छन् ।

तराईका संसदहरुको भनाई अनुसार उचित कानुन नबनेका कारण नागरिकता पाउनबाट वञ्चितहरू “अनागरिक“ ठहरिएका छन्। यस्तो अवस्था कहिले सम्म राख्ने ? उनिहरुले प्रतिप्रश्न गरेका छन् ।

**नयाँ विधेयकमा के छ व्यवस्था ?**

विधेयकका अनुसार बाबु र आमा दुवैको नेपाली नागरिकता भएकाहरूले जन्म वा वंशजको आधारमा नागरिकता पाउने भनिएको छ । त्यस्तै आमाले एकल अभिभावकत्वमा हुर्काएको सन्तानले बुबा पहिचान नभएको प्रमाणित गर्न सके उनीहरूले वंशजको नागरिकता पाउने छन् ।

नागरिता तराईमा समस्या भएकाको बिषयमा ठुला ठुला बिषय बनेका छन् । तर देशभरी छरिएर रहेका बुबा आमा पहिचान नभएका तर संघ/संस्थामा हुर्किएका बालबालिकाहरुलाई पनि नागरिता बनाउने बिषयमा ठुलो समस्याको रुपमा रहेको संघ, संस्था सञ्चालन गर्दै आएकाहरुले बताउने गरेका छन् । नेपालमा पहुच राख्ने कुनैपनि विदेशीले काठमाडौमा नै नागरिता बनायर घर बनाएको देख्ने, सुन्नेहरु नै छन् । तर कुनै निम्नस्तरको मानिस छ र उसले नेपालको कानुन बमोजिम काजग जुटाउन जानेन भने सधै नेपाली नाागरिक हुनवाट बञ्चित हुनुपर्ने अवस्था रहेका पनि देखिन्छन् । नागरिताको बिषय कुनै राजनीतिक पार्टीहरुको जोड घटाउ मात्र बनिराख्नु देशको दुभाग्य मात्र हुन्छ । त्यसैले वैज्ञानिक आधार तय गरेर कहिल्यै नागरिक अनागरिकको बिषय नउठ्ने गरी सावधान गर्नतर्फ सम्बन्धित निकायहरु लाग्नु पर्ने देखिन्छ ।

## केन्ट ......

लागि परिचित छन् । केन्ट ब्राण्डका अन्य वाटर प्यूरिफायर, एयर प्यूरिफायर, भ्याकुम क्लिनर, कीटाणु नाशक उपकरणहरू/डिसइन्फेक्टेन्टहरू र स्मार्ट किचन उपकरणहरू पनि बजारमा उपलब्ध रहेको उल्लेख गरी बिज्ञप्ति मार्फत सार्वजनिक गरेको छ ।

## नेकपा....

एमालेको नेतृत्वमा सरकार बहिर रहेका दलहरुको प्रतिस्पर्धा हुनेछ ।

आसन्न प्रतिनिधिसभा र प्रदेशसभामा असफल भइसकेकाहरुलाई विदाई गर्ने र नयाँ सक्षम, योग्य, दक्ष, अनुभवी नेतृत्वहरुलाई अवसर दिनलाई जनताले कुरीराखेका छन् । जनतानै जनार्दन ।

## एक्टिभ.....

ईन्तरटेनमेन्टका अध्यक्ष बिजेन्द्र नौवागेले गरेका थियो भने प्रमुख अतिथि खानेपानी मन्त्रालयका सचिव शशि कुमार लम्सालको रहेका थियो । एक्टिभ डान्सिङ स्टारको फाईनल कार्यक्रममा निर्णयकको भुमिकामा नायक शितल के.सी. चलचित्र निर्देशक अमर वली , भुवन श्रेष्ठ रहेका थिए ।

अतिथिहरुमा निर्देशक तथा भिडियो सम्पादक कोचेनेपाल मिडियाका अध्यक्ष प्रेम शर्मा पौडेल, मिलन आले चलचित्र निर्देशक, कमल खड्का कलाकार, हरिचन्द्र फुयाँल कलाकार, दुर्गा लम्साल समाजसेवी, चर्चित गायक तिलक बस्नेत लगायत कार्यक्रममा अतिथि रहेका थिए ।

१२ बर्ष भन्दा कम उमेरका र १२ बर्ष भन्दा बढी उमेरका लाई २ समुहमा बिभाजन गरेर प्रतिस्पर्धा गराई प्राप्त अंकको आधारमा प्रथम ,दोस्रो र तेस्रो घोषणा गरिएको थियो ।

कार्यक्रमको सन्चालन बिजेन्द्र नौबागे आफैले गरेका थिए । कार्यक्रमको बीच बीचमा गायक तिलक बस्नेतले गीत गायर दर्शकहरुलाई नचाएका थिए । ब्यबस्थापन सुनिता थापा , दुर्गा शर्मा थापा , अशोक नौबागे , धिरज नौबागेले गरेका थिए ।

मिडिया पार्टनरको रुपमा जनआकाश साप्ताहिक तथा जनआकाश मिडिया रहेको थियो

। मिडिया पर्टनरमा व्यानरमा नाम लेखेर धेरैको प्रचार गरिएको भएपनि कुनैपनि मिडिया त्यहा उपस्थित थिएनन् ।

## मिडिया.....

स्वतन्त्रता विरोधी छ । प्रेसको गला निमोठ्न ल्याइएको छ । यसले सिंगो लोकतन्त्रलाई नै कमजोर बनाउँछ ।

अर्को प्रसंगमा उनले प्रतिनिधि सभाको कार्यकाल थपिनु गैरसंवैधानिक हुने पनि औंल्याए । विष्टले भने, त्यसरी विधेयक ल्याउन पाइँदैन । संविधान संशोधन नगरीकन मनपरी आफ्नो कार्यकाल थप्न पाइँदैन ।

साथै उनले आगामी निर्वाचनमा कसैको पनि बहुमत आउन नसकोस् भनेर षडयन्त्र भइरहेको दाबी पनि गरे । कार्कीले भने, ‘शेखर कोइराला र केपी ओलीको भेटको तात्पर्य के हो ? मिलेर चुनावमा जान नदिने वा कसैको सरकार बन्न नदिने पर्दा पछाडिको षड्यन्त्र हो । विदेशी शक्तिलाई जति अस्थिरता बढ्यो, उति स्वार्थ पूर्तिको अवसर मिल्छ ।

## राष्ट्रियसभा....

अन्धाधुन्ध र अनविज्ञ रुपमा नियन्त्रण प्रयास गरे । जनताको आँखामा छारो हान्ने प्रयास भएँ । परिणामतः नियन्त्रण हुन सकेन । जस्तोः लामखुट्टे नियन्त्रण गर्न फगिङ्ग गऱ्यो । त्यस्तो केही पालिकाले त दमकलमा पानी र मट्टीतेलको अघुलनशील मिश्रण बनाएर छर्कने काम पनि गरे । जुन गतिविधिहरु लामखुट्टे नियन्त्रणका लागि प्रभावकारी होइन् । यस्ता कार्यलाई वातावरणलाई थप असर पुऱ्याउँछ । १०. विशेषज्ञको राय नलिनु डेंगु ज्वरो नियन्त्रण गर्न लामखुट्टेको अण्डा, लार्भा र एडल्ट लामखट्टे नियन्त्रण नगरी असम्भव छ । तसर्थः डेंगु ज्वरोले प्रकेपको रुप लिनु पूर्व नै वा समयमा नै विशेषज्ञको रायअनुसार संघ, प्रदेश र स्थानीय तहले गतिविधिहरु संचालन गर्नु पर्दथ्यो । डेंगु ज्वरो नियन्त्रणका उपाय डेंगु ज्वरो नियन्त्रण गर्न नसकेपछि अहिले सरकारले सेना र प्रहरी परिचान गरेर भएपनि डेंगु ज्वरो नियन्त्रण गर्ने आश्वासन दिइरहेको छ । हुन त डेंगु ज्वरो नियन्त्रणको लागि लामखुट्टेको लार्भा अण्डा खोजी र नष्ट गर्ने कार्य ‘सर्च एण्ड डिस्ट्रोएड’ भन्ने फौजी शव्दावली नै हो । तर, समुदायको मानिस सक्रिय भएर अभियान कै रुपमा डेंगु ज्वरो नियन्त्रणमा नलागे सेना वा प्रहरीको सहयोगले मात्र डेंगु नियन्त्रण गर्छु भन्नु केवल सरकारले आफ्नो आत्मरक्षा गर्नु मात्र हो । साँच्चिकै सरकार डेंगु नियन्त्रणमा लागेको हो भने संघीय सरकारको नेतृत्वमा प्रभावित क्षेत्रमा स्थानीय घर, टोल, गाउँ र वडा हुँदै सिगो पालिकाका सबै सरकारी निकाय, गैसस, विद्यालय, सेना प्रहरी र सरोकारवाला संघ सस्था र व्यक्तिसँगको संयुक्त सहकार्यमा निरन्तर जनचेतनात्मक गतिविधिहरु र ‘सर्च एण्ड डिस्ट्रोएड’ कार्यलाई बालमैत्री वडा, पूर्ण खोपयुक्त पालिका वा खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गरेजस्तै अभियान कै रुपमा डेंगु ज्वरोमुक्त वडा र पालिका निर्माण अभियान संचालन गर्नुपर्ने आवश्यकता देखिन्छ । नत्रभने मौसमअघि देखिने डेंगु ज्वरोले अझै नेपालीहरुको विशेष चाड दशै तिहारसम्मै दुःख दिने निश्चित प्रायः छ ।

## राष्ट्रिय....

फिर्ता पठाएको विधेयक पुनः संघीय संसदको दुबै सदनबाट पारित भएको छ । पुनः पारित भएर गएको विधेयक फेरि फिर्ता गर्न सक्ने अधिकार राष्ट्रपतिलाई नरहेको सरोकारवालाहरु रहेको भनाई रहेको छ । संविधानको धारा ११३ (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गर्नुपर्ने व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार दुबै सदनले फिर्ता भएको विधेयक प्रस्तुत रूपमा ( जस्ताको तस्तै) वा संशोधन सहित पारित हुन सक्छ । ‘राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधन सहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको पन्ध्र दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ’ संविधानको धारा ११३ उपधारा (४) मा उल्लेख छ ।

# उदयपुर सामूहिक हत्याको कारण ‘सामान्य विवाद’

उदयपुर । उदयपुरमा भएको एकैपरिवारको तीनजनाको हत्या पछाडि सामान्य विवाद कारक रहेको हुनसक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । घटनामा संलग्न रहेको अभियोगमा पक्राउ परेका नरबहादुर बस्नेतसँग प्रारम्भिक सोधपुछपछि प्रहरीले हत्याको कारण सामान्य विवाद देखिएको बताएको हो । शुक्रबार बिहान ११ बजे बेलका नगरपालिका- ७ गोवाटारका ३७ वर्षीय राजकुमार बस्नेत, उनकी श्रीमती ३३ वर्षकी सरिता बस्नेत र १२ वर्षका छोरा सुजन बस्नेत मृत अवस्थामा भेटिएका थिए । जिल्ला प्रहरी कार्यालय, उदयपुर स्रोतका अनुसार पक्राउ परेका नरबहादुरले मृतक राजुकमारकी श्रीमती सरिता दुई/तीन वर्षदेखि आफ्नो सपनामा आएर दुःख दिने गरेको बयान दिएका छन् । ‘शुक्रबार जंगलमा घाँस काट्न गएका बेला उनले त्यसबारे राजकुमारलाई बताएछन्’ एक अनुसन्धान अधिकृतले भने, ‘उनले सरितालाई बोक्सी लागेको हुनसक्ने बताएपछि विवाद भएको देखिन्छ ।’ प्रहरीका अनुसार नातेदार समेत रहेका नरबहादुरले श्रीमतीलाई बोक्सी भनेपछि उनले ‘आजको समयमा पनि यस्तो हुन्छ’ भन्दै हप्काएका थिए । ‘मलाई पुलिसलाई भन्दिन्छु, मुद्दा लाइदिन्छु भन्दै थर्काउन थाल्यो’, नरबहादुरको बयान छ, ‘त्यसपछि घाँस काट्न लिएर गएको खुकुरीले हानें ।’ उनीहरुबीच अरु कुनै रिसिइबी पनि थियो कि भन्ने बारे प्रहरीले विस्तृत अनुसन्धान गरिरहेको छ । तर प्रारम्भिक सोधपुछमा घटनाको कारण यही देखिएको छ । प्रहरीका अनुसार उनले जंगलबाट घाँस काट्न लगेको खुकुरीले सुरुमा श्रीमान् राजकुमारलाई हानेका थिए । त्यसबेला उनी कुलोबाट खेतमा पानी लगाउँदै थिए । श्रीमती पनि खोला छेऊ थिइन् । श्रीमान्को हत्यापछि उनले श्रीमती सरितालाई पनि हत्या गरेको पाइएको प्रहरीले जनाएको छ । पछि १२ वर्षका छोरा सुजन बस्नेतलाई देखेपछि उनलाई पनि खुकुरी प्रहार गरेको पाइएको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् । तीनैजनाको शव हेर्दा धेरै पटक खुकुरी हानिएको देखिएको प्रहरी बताउँछ । शवलाई पोष्टमार्टमका लागि पठाउने तयारी छ । विस्तृत अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# कक्षा १२ को नतिजा सार्वजनिक, १ लाख ८८ हजार विद्यार्थी नन ग्रेडिङमा

काठमाडौं । राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यलय (कक्षा १२)ले कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ । गत जेठ १६ गतेदेखि २५ गतेसम्म सञ्चालन गरेको परीक्षाको नतिजा बोर्डले शुक्रबार प्रकाशित गरेको बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए । बोर्डका अध्यक्ष शर्माका अनुसार यसवर्ष ग्रेडिङ पद्धति २०७८ अनुसार नतिजा प्रकाशन गरिएको छ । जसअन्तर्गत यसवर्ष नियमिततर्फ ३.६१ देखि ४ जीपीए ४ हजार १७९ जनाले ल्याएका छन् । त्यस्तैगरी ३.२१ देखि ३.६० जीपीए ल्याउने ३० हजार १०७ जना, २.८१ देखि ३.२० आउने ६५ हजार २८४ जना, २.४० देखि २.८० आउने ६४ हजार ९३ जना, २.१ देखि २.४० जीपीए आउने १० हजार ९ सय र १.६१ देखि २ जीपए आउने ३५ जना छन् । यस्तै १ लाख ८८ हजार ४१० जना नन ग्रेडिङमा परेका छन् । बोर्डका अनुसार प्रत्येक विषयमा सैद्धान्तिकतर्फ कम्तिमा ३५ प्रतिशत अंक नल्याए ग्रेड सिटमा एनजी अर्थात नन ग्रेडिङ लेख्ने उल्लेख छ । नन ग्रेडिङमा परेका विद्यार्थीहरुले उच्च शिक्षामा भर्ना हुन नपाउने बोर्डले जनाएको छ । ग्रेड वृद्धि दिन पाउने (दुई विषयसम्म दिन पाउने) एक लाख ३० हजार ८७८ जनाले दिन पाउने छन् । बोर्डको अनुसार ग्रेडवृद्धि परीक्षा असोज ३० र ३१ गते सञ्चालन हुनेछ । परीक्षामा नियमिततर्फ ३ लाख ६३ हजार १ जना, ग्रेडवृद्धितर्फ ३० हजार ४५ जना र आंशिकतर्फ ३ हजार १३२ जना गरी ३ लाख ९६ हजार १८५ जना सहभागी भएका थिए ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

“सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।”
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

## अन्तराष्ट्रिय समाचार

# अमेरिकाका पूर्वराष्ट्रपति ट्रम्पले दिए बाइडेनलाई देशकै शत्रुको संज्ञा

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपति जो बाइडेनलाई देशकै शत्रुको संज्ञा दिनुभएको छ । आफ्नो निवासमा संघीय अनुसन्धान ब्यूरोले छापा मारेपछि पूर्वराष्ट्रपति टूम्पले बाइडेनको व्यक्तिगत आलोचनमा उत्रिनु भएको हो । ब्यूरोले गत अगस्ट ८ मा छापा मारेपछि पहिलो पटक सार्वजनिक रूपमा देखा पर्नुभएका ट्रम्पले आफ्नो निवासमा गरिएको अनुसन्धानलाई ‘न्यायको धोखाधडी’ भन्दै यसले ‘कसैले कहिल्यै नदेखेको परिणाम’ ल्याउने चेतावनी दिनुभयो । पूर्वराष्ट्रपति ट्रम्पले अमेरिकी स्वतन्त्रतामाथिको वास्तविक खतराको यो भन्दा ज्वलन्त उदाहरण अरु हुन नसक्ने बताउनुभएको छ । उहाँले बाइडेनले अमेरिकी जनताको भलो नगर्ने जिकीर समेत गर्नुभयो । केही दिनअघि राष्ट्रपति बाइडेनले ट्रम्पप्रति संकेत गर्दै रिपब्लिकनहरुले अमेरिकी प्रजातन्त्रलाई खतरामा पारेको आरोप लगाउनुभएको थियो ।

# आर्थिक सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायसँग पाकिस्तानको आग्रह

बाढीको चपेटामा परेको पाकिस्तानले अन्तर्राष्ट्रिय समुदायसँग आर्थिक सहयोग गर्न आग्रह गरेको छ । बाढीबाट १० लाख घरहरु ध्वस्त भएको र त्यसबाट ३ करोड ३० लाख मानिस प्रभावित भएको प्रारम्भिक अनुमान गरिएको छ । तिनीहरुको पुनस्थापनाका लागि १६ करोड अमेरिकी डलर बराबरको सहयोग आवश्यक परेको पाकिस्ताननले जनाएको छ ।

संयुक्त राष्ट्र संघले पनि यसअघि नै पाकिस्तानलाई मानवीय सहयोग गर्न अपील गरिसकेको छ । बाढीबाट बलुचिस्तान, सिन्ध, गिलगिट र पञ्जाव प्रान्त सबै भन्दा बढी प्रभावित भएका छन् । खैबर पख्तुन्ख्वा बाढीका कारण तहसनहस भएको छ । बाढीमा परी १२ सय ६५ जनाको मृत्यु भइसकेको छ ।

बाढीबाट १० अर्ब डलर बराबरको क्षति भएको अनुमान पाकिस्तानी अधिकारीहरुले गरेका छन् । अन्तर्राष्ट्रिय समुदायले तत्काल राहत पुर्याउने क्रम पनि जारी राखेको छ । पछिल्ला ४ दिनमा टर्की, फ्रान्स, चीन, युएइ, कतारलगायतका देशबाट ३० वटा विमानले राहत सामाग्री पुर्याएका छन् । अमेरिकाले भने एउटा सैन्य टोली नै पठाउने तयारी गरिरहेको छ ।

# चन्द्रमामा नयाँ रकेट पठाउने नासाको दोस्रो प्रयास पनि असफल

अमेरिकाको अन्तरिक्ष संस्था नासाको चन्द्रमामा नयाँ रकेट पठाउने दोस्रो प्रयास पनि असफल भएको छ ।

गत साता प्राविधिक गडबडीका कारण स्थगित गरिएको मिसन शनिबार असफल चोटी प्रयास गर्दा पनि असफल भएको हो । रकेटको हाइड्रोजन ट्यांकमा चुहावट भएका कारण यो मिसन पुनः असफल भएको जनाइएको छ । वैज्ञानिकहरुले आगामी अक्टोबर भन्दा अघि मिसन सम्भव नभएको बताएका छन् । नासाले ‘स्पेस लन्च सिस्टम’ नाम दिएको मिसनको पहिलो रकेट ‘आर्टेमिस वान’ मानवबिना नै चन्द्रमामा पठाउने तयारी गरेको थियो । यो रकेट सफल भएको अवस्थामा आर्टेमिस दुई र तीन मार्फत अन्तरिक्ष यात्रीहरुलाई चन्द्रमामा ओराल्ने नासाको तयारी थियो । तर, उडान भर्नु भन्दा करिब २ घण्टाअघि नासाका इन्जिनियरले रकेटमा प्राविधिक गडबडी भेटेपछि उडान रद्द गरिएको हो । यो रकेट नासाको अहिलेसम्मको सबै भन्दा शक्तिशाली र ठूलो यान भएको जनाइएको छ । विगत ५० वर्षमा मानिसहरूलाई चन्द्रमाको सतहमा पुर्याइएको छैन् भने एपोलो ११ पछि कुनै पनि मानवसहितको यान चन्द्रमामा अवतरण गरेको छैन् । सन् २०२४ र २०२५ को लागि निर्धारित ‘आर्टेमिस २’ र ‘आर्टेमिस ३’ मा अन्तरिक्ष यात्रीहरूलाई चन्द्रमामा लैजानुअघि उनीहरुको गतिको पहिलो परीक्षण सोही यानले गर्ने जनाएइको छ ।

# ताइवानलाई १.१ अर्ब अमेरिकी डलरको हतियार बिक्री गर्दै अमेरिका

संयुक्त राज्य अमेरिकाले शुक्रबार ताइवानलाई हारपुन र साइडविन्डर क्षेप्यास्त्रहरू सहित लगभग १.१ अर्ब बराबरको सैन्य उपकरण बिक्री गर्ने घोषणा गरेको छ। डिफेन्स सेक्युरिटी कोअपरेसन एजेन्सीले वाशिङ्गटनले ताइवानलाई सैन्य उपकरण बेच्न स्वीकृति दिएको पुष्टि गरेको छ । अमेरिकी विदेश मन्त्रालयले ताइवानको सुरक्षा क्षमताको आधुनिकीकरण गर्न र अमेरिकी सुरक्षा हित प्रबर्धन गर्न ताइवानलाई हारपुन ब्लक मिसाइल र अन्य सैन्य उपकरणको बिक्री स्वीकृत गरेको बताएको छ । मन्त्रालयका अनुसार प्रस्तावित हातहतियारले यस क्षेत्रमा आधारभूत सैन्य सन्तुलनलाई परिवर्तन नगर्ने पनि अमेरिकाले दाबी गरेको छ । अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवानको विवादास्पद भ्रमणलाई लिएर वाशिङ्गटन र बेइजिङबीच बढ्दो तनावका बीच सैन्य सामग्रीको प्रस्तावित बिक्री सार्वजनिक भएको छ ।

हार्पुनहरू बोइङले तटीय(जल क्षमताका साथ उत्पादन गरेको एन्टी(शिप होमिङ मिसाइलहरू हुन्। यस अघि संयुक्त राज्य अमेरिकामा ताइपेई आर्थिक र सांस्कृतिक प्रतिनिधि कार्यालय (टेक्रो)ले ६० वटा मिसाइल र सम्बन्धित उपकरणहरू किन्न अनुरोध गरेको थियो । साइडवाइन्डरहरू हावाबाट हावामा प्रहार गर्ने क्षेप्यास्त्रहरू हुन् जुन रेथियनले प्रक्षेपणपछि लक्ष्यहरूमा लक गर्न सक्ने क्षमताको साथ विकसित गरेको दाबी गरिएको छ। टेक्रोले १०० वटा मिसाइल र अन्य उपकरण खरिद गर्न अनुरोध गरेको थियो । वाशिङ्गटनमा चिनियाँ दूतावासले यस हप्ताको शुरुमा प्रस्तावित हतियार बिक्री बारे प्रतिक्रिया दिंदै बाइडेन प्रशासनलाई हतियार बिक्री बन्द गर्न आह्वान गरेको थियो । हतियार बिक्रीले ताइवान स्टेटमा तनाव निम्त्याउन सक्ने भन्दै चीनले सो आग्रह गरेको थियो । ताइवानी सेनाले बिहीबार एक अज्ञात नागरिक ड्रोनलाई गोली हानेको जनाएको छ । सो ड्रोन चिनियाँ तटबाट शियु टापुको प्रतिबन्धित जलक्षेत्रको आकाशमा प्रवेश गरेको थियो । ताइवानको रक्षा मन्त्रालयले विज्ञप्ति जारी गर्दै सेनाको जिनमेन रक्षा कमाण्डले आज दिउँसो १२:३० बजेतिर शियु टापुको प्रतिबन्धित पानीको हवाइ क्षेत्रमा एक अज्ञात नागरिक हवाई क्यामेरा प्रवेश गरेको फेला पारेको बताएको छ । विज्ञप्तिमा भनिएको छ, ‘रक्षा क्षेत्रको सुरक्षा कायम गर्न रक्षा मन्त्रालयले खोजी, अनुगमन र निगरानीलाई निरन्तरता दिनेछ ।’ यस्तै मङ्गलबार पनि ताइवानी सेनाले चिनियाँ सैन्य ड्रोनलाई ताइवान नियन्त्रित टापुमा प्रतिबन्धित् वायुक्षेत्रमा प्रवेश गरेपछि गोली हानेको थियो । अगस्टको मध्यदेखि ताइवानमा जारी राजनीतिक र सुरक्षा तनावका बीच यस वरपर यस्ता थुप्रै ड्रोनहरू उड्ने गरेको पाइएको छ । एएनआई

# पुस्तकांश : बम वर्षाको बीच हनिमुन

कुलचन्द्र गौतम

सन् १९७४ जुन २४ का दिन बिहेगरे लगत्तै हामी बैङ्कक गयौँ र उतैबाट नोम्पेन्ह पुग्यौँ । विनताको यो पहिलो विदेश भ्रमण थियो । असाध्यै शान्त मुलुक त्यसमा पनि सुरक्षित पारिवारिक घेराबाट अचानक उनी यस्तो स्थानमा पुगेकी थिइन्, जहाँ एक त बोलेकै नबुझिने भाषा र अर्को द्वन्द्वग्रस्त सहर । फरक संस्कृति र खतरनाक सुरक्षा व्यवस्थाले दिएका केही अप्ठ्याराको बावजुद उनले त्यो बेग्लै परिस्थितिमा आफूलाई छिट्टै अनुकूल बनाइन् ।

हामी मेकोङ नदीको किनारमा 'फ्रौँ द बसाक' भन्ने एउटा विशाल अपार्टमेन्ट कम्प्लेक्समा डेरा गरी बसेका थियौँ ।

रमाइला दिनहरूमा हाम्रो जोडी पछाडिबाट ठेलिने नोम्पेन्हको 'साइक्लो रिक्सा' चढेर बसाक र मेकोङ नदीका किनारै किनार भौँतारिन्थ्यो । त्यसैगरी मोनिभोङ बुलभार्डदेखि कम्बोडियाको राजप्रासादसम्मकै फराकिलो सडकको पैदलयात्रा पनि कम्ती रमाइलो हुँदैन थियो । विशाल मेकोङ नदीको वारि हामी टहलिरहँदा पारितर्फ बमले आकाशमा फैलाएको धुवाँ देखिन्थ्यो र यदाकदा विस्फोटका आवाज पनि सुनिन्थे । कहिलेकाहीँ त अझ नोम्पेन्हका विभिन्न भेगमै बमगोला वा रकेट खसेका आवाज सुनिन्थे । त्यस्ता दिनमा म कार्यालय गए पनि विनता घरैमा बस्थिन् ।

मेरो कार्यालय सहरको अर्को भागतिर एयरपोर्टनजिकै पर्थ्यो । त्यहाँको टेलिफोन सेवा उत्तिको भरपर्दो नभएकाले हामीलाई वाकीटकी दिइएको थियो । केही अनौठो वा डरलाग्दो परिस्थिति देख्नेबित्तिकै विनता मलाई सम्पर्क गरिहाल्थिन् । मलाई अझै त्यो दिनको सम्झना छ, जति बेला विनताले सेन्ट्रल मार्केटमा आफूभन्दा केही मिटरअगाडि मात्र खमेर रुजको रकेट खसेर केही मानिसको ज्यान गएको देख्नासाथ सम्पर्क गरेकी थिइन् ।

इन्डो-चाइना क्षेत्रमा राजनीतिक विचारधाराको सङ्घर्षका कारण चलिरहेको युद्धबारे विनता उति राम्ररी परिचित थिइनन् । त्यहाँ के भइरहेको छ भन्ने कुरा म उनलाई बताइरहन्थेँ । मैले एउटा अनौठो कुरा गरेर उनलाई तर्साइदिएको पनि थिएँ । त्यो थियो- मलाई कुनै तवरले अलिक दिन खमेर रुजको नियन्त्रणमा रहने इच्छा ।

म खमेर रुजलाई राम्ररी बुझ्न चाहन्थेँ । कथंकदाचित उनीहरूको अपहरणमा परे पनि केही नौलो कुरा सिक्न पाइएला, धन्दा मान्नुपर्दैन भन्ने मेरो भनाइ सुनेर मेरी सोझी पत्नीको सातोपुत्लो उड्थ्यो । यस्तो सनकी श्रीमान् पाएकी विनतालाई उनी भित्रको गहिरो धार्मिक र आध्यात्मिक लगावले नै जीवनमा अचानक आइपरेको यो अनौठो र जोखिमपूर्ण परिस्थिति सामना गर्ने साहस प्रदान गरिरहेको थियो ।

नोम्पेन्हको पतन

सन् १९७४ को अन्त्यतिर सिङ्गो राजधानी सहर खमेर रुजको रकेटको दायराभित्र परिसकेको थियो । राष्ट्रसङ्घले अत्यावश्यक सेवामा संलग्नबाहेक सबै कर्मचारी र परिवारका सदस्यहरूलाई नोम्पेन्हबाट बाहिर पठाउने निर्णय गरेपछि विनता काठमाडौँ गइन् । विपद्को बेला मानवीय सहयोग गर्ने युनिसेफको कर्तव्य हुनाले म भने त्यहीँ खटिरहनुपर्ने भयो ।

सन् १९७५ को प्रारम्भ नहुँदै अब बढीमा केही दिन वा साताभित्रै नोम्पेन्हको पतन अवश्यम्भावी छ भन्ने प्रस्ट देखिइसकेको थियो । सहरको एउटा भागमा रकेट आक्रमण हुनासाथ हामी अर्को भागमा सरेर आफ्ना सहकर्मीसँग बस्थ्यौँ । यसरी बसेको टोलमा पनि लगत्तै आक्रमण भएपछि हामीलाई फेरि ठाउँ सारेर अर्कातिर लगिन्थ्यो । यस्तो अवस्थामा हामीले दिन सक्ने सेवाको दायरा पनि असाध्यै साँघुरिएको थियो । अन्तिममा हामीमध्ये केही कर्मचारी सहरकै सुरक्षित होटलमा बसेर बाँकी सबै अन्तर्राष्ट्रिय कर्मचारीलाई बिदा गर्ने निर्णय लियौँ ।

सन् १९७५ फेब्रुअरीको अन्त्यमै यस्तो दिन पनि आइपुग्यो, जति बेला बेलायती दूतावासले उसका नागरिकलाई जोगाउन प्रयोग गरेको सैनिक विमानले दूतावासका कर्मचारी, केही बेलायती नागरिक र मजस्ता आफ्नो देशको दूतावास नभएका 'फिरन्ता जोगी' लाई नोम्पेन्हबाट उडायो । पहिलो चरणमा नोम्पेन्हबाट मलेसियाको 'बटरवर्थ एयरफोर्स बेस' मा उत्रेपछि सिङ्गापुर र बैङ्ककसम्मको त्यो यात्रा असाध्यै आकस्मिक, रोमाञ्चक र पीडादायी थियो ।

आफ्ना विदेशी कर्मचारीलाई तत्काल जोगाउनुपर्दा सामान्यतः राष्ट्रसङ्घको आकस्मिक निकास योजना नै हुने गर्छ । नियमअनुसार हामीलाई राष्ट्रसङ्घमा वरिष्ठ सुरक्षा संयोजकको जिम्मेवारी सम्हालेका व्यक्तिकै नेतृत्वमा डिजाइन गरिएको योजनाले डोऱ्याउनुपर्थ्यो । त्यति बेला यो दायित्व राष्ट्रसङ्घीय विकास कार्यक्रमका आवासीय प्रतिनिधि फर्नान्ड सेलेरले सम्हालेका थिए, जोसँग त्यसअघि पनि प्यालेस्टाइनदेखि लिएर कङ्गोसम्मका थुप्रै आकस्मिक उद्धारको अनुभव थियो ।

आफू भुक्तभोगी भएको आडम्बरले काम गर्ने सेलेर जहाँसुकै जाँदा पनि त्यहींको रैथाने उपाय अपनाउनुपर्छ भन्ने मान्यता राख्थे । कम्बोडियाली खमेरहरूलाई पनि आफूले राम्रैसँग चिनेको उल्लेख गर्दै उनी भन्थे, 'यी बेग्लाबेग्लै युद्धरत सबै खमेरहरूको आपसी पारिवारिक सम्बन्ध छ । कसै गरी खमेर रुजले नोम्पेन्ह कब्जा गरे भने उनीहरू बेग्लाबेग्लै क्याम्पका भए पनि आपसी परिवारहरूको बाहुपासमा पर्नेछन् र सबै कुरो मिल्नेछ ।' यसरी उनी त्यहाँको खतरनाक परिस्थितिलाई अति हल्का रूपले लिन्थे ।

कम्बोडियाका तत्कालीन राजा नरोद्दम सिंहानुकसँग संवाद गर्दै पुस्तकका लेखक कुलचन्द्र गौतम ।

उनको यही रवैयाले गर्दा राष्ट्रसङ्घसँग आफ्ना कर्मचारीलाई आवश्यक परे तत्काल बाहिर निकाल्ने कुनै भरपर्दो योजनै भइदिएन । राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) ले राष्ट्रसङ्घका तमाम कर्मचारीलाई फ्रान्सेलीहरूका साथमा बाहिर निकाल्ने योजना बुन्यो, जसलाई हामीले सबैभन्दा रद्दी विकल्प ठहर गऱ्यौँ । किनभने हजारौँका सङ्ख्यामा त्यहाँ रहेका फ्रान्सेली नागरिक स्वाभाविक हिसाबले नै पहिलो प्राथमिकतामा पर्थे र त्यसपछि बल्ल पर्खेर बसेका हामीजस्ता बाँकी अरूले पालो पाउँथ्यौँ ।

तत्काल बहिर्गमनका निम्ति हामीसँग गतिलो योजना नभएको गुनासो जब-जब हामी गर्थ्यौं, तब-तब सेलेर हामी आलाकाँचालाई घटनाक्रमले कसरी रूप फेर्छ भन्ने ज्ञानै नभएको भन्दै हाँसोमा उडाइदिन्थे । उनले हाम्रा चासो र सरोकारलाई पन्छ्याउँदै 'हेर्दै जाऔँ न, यहाँ पनि कङ्गोजस्तै हुनेछ' भनिरहँदा हामी जिल्ल पर्थ्यौं ।

यस्तो अवस्थामा अन्ततः नोम्पेन्हमा दूतावास भएका मुलुकका राष्ट्रसङ्घीय कर्मचारीले आफ्नो दूतावासकै उद्धार सूचीमा आफूलाई समावेश गराए । कम्बोडियामा कूटनीतिक नियोग नभएको मजस्तो नेपालीले चाहिँ त्यहाँको कुनै दूतावासलाई राजी गराउनुपर्ने भयो । त्यस्तो अवस्थामा मैले बेलायती दूतावास छनोट गरेको थिएँ ।

बेलायतीहरू अति परिपक्व थिए । उनीहरूले बहिर्गमनको प्रक्रियालाई पनि निकै गोप्य राखेका थिए । बहिर्गमनको दिन हामीलाई बिहान सबेरै ७ बजे २० पाउन्डभन्दा कम तौलको एउटा सुटकेस मात्र लिएर दूतावासमा पुग्नुपर्ने निर्देशन थियो । हाम्रो पासपोर्टमा बहिर्गमनको छाप लगाउन उनीहरूले कम्बोडियाको विदेश मन्त्रालयका कर्मचारीलाई त्यहीँ डाकेका थिए । बिहान साढे ७ बजे मलेसियाको 'बटरवर्थ एयरफोर्स बेस' बाट आएको 'सी-१३०' सङ्केतको हर्कुलस विमानले नोम्पेन्हको आकाशमाथि चक्कर लगाउन सुरु गऱ्यो । यता तलचाहिँ पोचेन्तोङ विमानस्थल र त्यहाँसम्म पुग्ने सडक सबै खमेर रुजको रकेट आक्रमणको दायराभित्रै थिए । हामी सबै डरले थुरथुर भएका थियौँ तर बेलायती अधिकृतले 'धन्धा मान्नुपर्दैन' भन्दै आश्वासन दिइरहेका थिए ।

करिब ७ बजेर ४५ मिनेट जाँदा दूतावासको अगाडि जिपहरूको लस्कर आइपुग्यो, तिनमा हामी कुदाकुद चढ्यौँ ।

त्यति बेला नोम्पेन्हको पोचेन्तोङ एयरपोर्ट खमेर रुजको रकेट आक्रमण हुने परिधिभित्र परेकाले हामी एयरपोर्ट जान थर्कमान भई डराइरहेका थियौँ ।

जिपको लस्करलाई अगाडि-पछाडि सेनाको ट्याङ्क लगाएर हामीलाई विमानस्थलतर्फ लगियो । तर विमानस्थल पुग्नुभन्दा दुई किलोमिटर वरैबाट अचानक हाम्रो यात्रा मार्ग परिवर्तन गरेर धान खेत हुँदै अघि बढ्न थाल्यो । उनीहरूले त हामीलाई कम्बोडियाली सेनाले प्रयोग गर्ने कुनै गोप्य अवतरण मैदानमा पो लगे । हामी पुग्नासाथ हर्कुलस विमान पनि त्यहीँ ओर्लियो र पाँच मिनेटभित्रै सबै त्यसमा सवार भयौँ । त्यस दिन १५ मिनेटभित्रै विमान ओर्लने, हामी सबै चढ्ने र फेरि उडेर आकाशमा पुग्ने काम सम्पन्न भएको थियो ।

हामीलाई सिङ्गापुर लगेर रात बिताउन एउटा होटलमा राखियो, जहाँबाट अर्को दिन यात्रुलाई उनीहरूको गन्तव्यतर्फ लगिँदै थियो । मचाहिँ बैङ्कक पुऱ्याइँदै थिएँ ।

सिङ्गापुर ओर्लिएपछि मलाई बल्ल आफू कस्तो भयावह अवस्थाबाट बाहिर निस्कैँ भन्ने महसुस भयो ।

नोम्पेन्हमा मध्यराततिर जब कतै केही पड्केको अवाज आउँथ्यो, म त्यति बेला बुर्लुक्क उफ्रेर बाथरुम पस्ने गर्थें, किनभने हाम्रो अपार्टमेन्टमा सबैभन्दा सुरक्षित स्थान बाथरुम मानिन्थ्यो । कम्बोडियाको त्यही बानीले म सिङ्गापुर र पछि बैङ्ककका राम्रा सुरक्षित होटलमा बस्दा पनि बाहिर केही कुरा पड्कियो भने झस्केर बाथरुममै हाम फाल्थेँ ।

बैङ्कस्थित युनिसेफको क्षेत्रीय कार्यालयमा मैले एउटा सानो 'खमेर अपरेसन युनिट' खडा गरेर नेतृत्व लिएँ र फेरि नोम्पेन्ह फर्किने योजना बुन्न सुरु गरेँ । युद्ध टुङ्गिएपछि छिट्टै राजकुमार सिंहानुकको निर्वासित सरकारलाई सत्ता हस्तान्तरण हुनेछ भन्ने हामीलाई विश्वास थियो ।

सन् १९७५ अप्रिल १७ का दिन नोम्पेन्हको पतन भयो । भएभरका सम्पूर्ण विदेशी कूटनीतिज्ञ र युनिसेफका अन्तिम अन्तर्राष्ट्रिय कर्मचारीको टोलीलाई फ्रान्सेली दूतावास लगियो, जहाँ एक साताभन्दा बढी भयावह अवस्थामा बन्दी बनाएर पर्खाएपछि अन्ततः ट्रकमा राखेर थाइल्यान्ड ओसारियो ।

त्यसपछि कम्बोडियामा दोस्रो विश्वयुद्धमा हिटलरको नरसंहारपछिकै सबैभन्दा ठूलो र भयावह नरसंहार भयो र सारा देश बन्दीगृहजस्तो भई यस्तरी लगातार शून्यतर्फ ओह्रालो लाग्यो कि फेरि त्यहाँ फर्केर महिला र बालबालिकालाई राहत सेवा उपलब्ध गराउने युनिसेफको योजनाले चार वर्ष लामो अवधि पर्खनुपऱ्यो ।

अहिले फर्केर हेर्दा नोम्पेन्ह कब्जामा लिनुअगावै पनि हिंसा र अतिवाद अँगालेका खमेर रुजप्रति मैले कति सुधो धारणा बनाएको रहेछु भन्ने लाग्छ । तर तत्कालीन लोन नोलको शासन यति भ्रष्ट र अवैध थियो कि हामीमध्ये केहीले सिंहानुकको निर्वासित सरकारमा खमेर रुजकै रजगज भए पनि उसले मौका पायो भने सायद कम्बोडियाका निम्ति तत्कालीन अवस्थाभन्दा राम्रो पो भइजाला कि भन्ने सोचेका थियौँ ।

निर्वासित सरकारमा तीन किसिमका गुट थिए- (क) सिंहानुकका राजभक्त (ख) खमेर रुज र (ग) फ्रान्समा पढेलेखेका प्रगतिशील सोच राख्ने तन्नेरी नरमपन्थी ।

निर्वासित सरकार सत्तामा आएपछि राजावादी र खमेर रुज दुवैले एकअर्कालाई मत्थर पार्नेछन् र ती प्रगतिशील नरमपन्थीले चाहिँ शासनसत्तामा प्रभाव जमाउलान् भन्ने कल्पना मसमेत हामीमध्ये धेरैले गरेका थियौँ । वामपन्थी झुकाव राख्ने थुप्रै कम्बोडियाली र मजस्ता विदेशीले पनि निर्वासित सरकार सत्तामा आएपछि युद्धविराम भई अवस्था सुधारोन्मुख हुने र युद्ध झेलेका कम्बोडियाली सर्वसाधारणलाई तत्काल राहत उपलब्ध गराउन सकिने सपना देखेका थियौँ ।

तर हामी सबैले चिताएको भन्दा बेग्लै परिस्थिति विकास भयो ।

कम्बोडियाका सम्पूर्ण नाका यसरी जाम गरियो कि त्यहाँभित्र के भइरहेको छ भन्ने थाहा पाउनै मुस्किल हुन थाल्यो । सारा देश एउटा विशाल झ्यालखानाजस्तो बन्यो । चुहिएर आएका सूचनाले चाहिँ त्यहाँ भयावह किसिमको सामाजिक प्रयोग हुन थालेको जनाइरहेको थियो ।

नोम्पेन्हलगायत भएभरका सम्पूर्ण सहर र बजार खाली गराइयो । अस्पतालका बिरामी, बुढापाका, अपाङ्गता भएका र केटाकेटीलाई समेत बन्दुकको नाल सोझ्याउँदै घोर्क्याएर सहरबाहिर निकाला गरियो । भएभरका मानिसलाई लस्कर लगाएर जबर्जस्ती गाउँतर्फ लैजाँदा कतिपयको त बाटैमा मृत्यु भयो । कतिपय मारिए ।

त्यस समय कम्बोडियामा अकल्पनीय मानवीय भोगाइलाई दर्साउन नोम्पेन्ह सहरको जनसङ्ख्यामा आएको उतारचढाव नै काफी छ । सन् १९७० मा त्यस सहरको जनसङ्ख्या चार लाख थियो । १९७५ अप्रिल १७ मा यसै सहरमा बस्नेको सङ्ख्या २० लाख पुग्यो । अनि १९७५ मे १७ मै यस सहरको जनसङ्ख्या केवल ४० हजारमा झऱ्यो ।

कसैले चस्मा लगाएको छ, किताब पढेको छ, विदेशी भाषा बोलेको छ, गलत समयमा खाना खाइरहेको छ भने मात्र होइन, सामुन्ने आफन्त मरेको देखेर रोइरहेको छ भने पनि उसलाई मृत्युदण्ड दिइन्थ्यो । पूर्वकूटनीतिज्ञ, व्यापारी, शिक्षक र विभिन्न व्यवसायमा आबद्ध नागरिकलाई सिङ्गो परिवारसहित हत्या गरियो ।

यहाँसम्म कि मार्नका निम्ति पर्याप्त 'प्रतिक्रान्तिकारी' फेला पार्न नसकेकै अभियोगमा खुद खमेर रुजकै कतिपय समर्थकलाई मृत्युदण्ड दिइयो ।

भएभरका सहर र बजार खाली गरेपछि खमेर रुजले मुलुकका बौद्धिक र प्रशासनिक संरचना ध्वस्त पार्ने अभियान चलायो । धर्म प्रतिबन्धित भयो, पैसाको प्रचलनै बन्द गरियो, निजी सम्पत्ति निषेध गरियो र भएभरका सबैलाई खेती किसानीमा लगाइयो ।

लाखौँ मानिस मारिए, लाखौँ मानिस भोक र रोगले मरे । सन् १९७५ मा ७३ लाख जनसङ्ख्या भएको मुलुकमा झन्डै २० लाख मानिसको इहलीला 'प्रजातान्त्रिक कम्पुचिया' को 'नयाँ चमत्कार' ले समाप्त गरिदियो । खमेर रुजको सनकका भरमा मुलुककै जनसङ्ख्याको एक चौथाइभन्दा बढी मानिस यसरी मारिए ।

महिला र केटाकेटीको अवस्था त झनै भयावह र अत्यासलाग्दो भइदियो । सन् १९६० मा एक हजारमध्ये १४६ नवजात शिशुको मृत्यु हुन्थ्यो भने सन् १९८० मा त्यो सङ्ख्या २६३ मा उक्लियो । त्यसै गरी सन् १९६० मा मानिसको औसत आयु ४६ वर्ष थियो भने सन् १९८१ नपुग्दै त्यो अझ घटेर ३९ वर्षमा झऱ्यो । मुलुकभरका ८० प्रतिशत शिक्षकको हत्या गरेपछि र भएभरका स्कुल आधा दशकसम्मै बन्द गरिदिएपछि शिक्षाको अवस्था ध्वस्तै भएको थियो ।

आफ्नै नागरिकको यसरी व्यापक नरसंहार सँगसँगै खमेर रुजले उग्र राष्ट्रवादी धार समात्दै विदेशीहरू अझ विशेष गरी छिमेकको भियतनामप्रति घृणा फैलाउन सुरु गरे । ठूलो सङ्ख्यामा भियतनामी मूलका कम्बोडियालीको हत्या गरियो । यो उक्साहट र उन्मादलाई भियतनामीले सहन सकेनन् । आखिर उनीहरूले कम्बोडियामा आक्रमण गरे र सन् १९७९ जनवरीमा खमेर रुज सत्तालाई उल्टाइदिए ।

त्यसले नरसंहारकारी सत्ताको अन्त्य त गरिदियो तर राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय समुदायका निम्ति केही नयाँ जटिलता खडा भए, जसले नोम्पेन्हमा भियतनामद्वारा खडा गरिएको सत्तालाई अस्वीकार गर्दै खमेर रुजकै बचेखुचेको सत्तालाई वैधानिकता दिइरह्यो ।

यी सबले गर्दा कूटनीतिक जटिलता वर्षौंसम्म यथावत रहे पनि थाइल्यान्ड र कम्बोडियाको सीमावर्ती क्षेत्रबाट व्यापक रूपले राहतका कार्यक्रम अगाडि बढाउन सकियो ।

भियतनामले स्थापना गरिदिएको सरकारलाई राष्ट्रसङ्घले मान्यता नदिए पनि आफ्नो विशिष्ट ऐतिहासिक कार्यभारका कारण युनिसेफ र रेडक्रसको अन्तर्राष्ट्रिय कमिटीले कम्बोडियाभित्र काम गर्ने मौका पायो । युनिसेफको स्थापनायताकै सबैभन्दा बृहद् मानवीय उद्धार कार्य नै सन् १९७९ देखि १९८२ का बीचमा कम्बोडियामा परिचालित राहत वितरण अभियान बन्न पुग्यो, जसले दसौँ लाख कम्बोडियालीलाई अकाल मृत्युबाट बचाइदियो ।

कम्बोडियाको वियोगबाट चर्केको मेरो छाती

दशकौँपछि मैले फेरि युनिसेफको प्रतिनिधिमण्डल प्रमुखका रूपमा कम्बोडिया पुगेर राजा सिंहानुक, प्रधानमन्त्री हुनसेनलगायत थुप्रै महत्वपूर्ण व्यक्तिहरूसँग बारम्बार भेटघाट गरेँ । म 'तुल स्लेङ नरसंहार सङ्ग्रहालय' पनि पुगेँ, जहाँको दृश्य देखेर मानव जाति कतिसम्म क्रूर हुन सक्दो रहेछ भनेर भित्रैदेखि काँपे । मेरो मुटुमा कम्बोडियाले सदैव विशेष स्थान बनाएका कारण नै मैले त्यहाँ युनिसेफ र अन्तर्राष्ट्रिय समुदायलाई कम्बोडियाली महिला तथा बालबालिकाको क्षेत्रमा सक्दो योगदानका लागि अभिप्रेरित गर्दै आएको छु ।

कम्बोडिया पुग्दा जहिले पनि म तिता र मिठा अनुभवको सँगालो भेट्छु । मेरो व्यावसायिक जीवनको थालनी भएको त्यो मुलुक र त्यहाँका मानिसलाई म अति मन पराउँछु । त्यसैले त्यहाँको भ्रमण सधैँ मिठो हुन्छ । त्यो कहालीलाग्दो विगतबाट उनीहरू कसरी बाहिर निस्के भन्ने कल्पना गर्दै अहिलेका तन्नेरी अनुहारमा जब-जब आत्मविश्वासको चमक देख्छु, म आह्लादित बन्न पुग्छु । तर त्यहाँ खमेर रुजले बर्साएका कालरात्रिका भयावह दृश्य मेरो स्मरणमा ठोक्किन बाम्बार आइपुग्छन्, जसले मभित्र उथलपुथल मच्चाइरहन्छ । त्यसैले तितो पनि भइदिन्छ ।

मैले थुप्रै मुलुकमा बसेर सेवा गर्ने मौका पाएको छु । सेवाअवधि सकिएपछि पनि ती मुलुकका आफ्ना चिनारुलाई भेट्न मन लागिरहनु मानवोचित स्वभावै हो । कम्बोडिया मात्रै एउटा यस्तो मुलुक हो, जहाँ मैले उति बेला काम गर्दा चिनजान भएका कुनै पनि मानिसलाई म फेरि भेट्न सक्दिनँ । किनकि तिनीहरू सबै हताहत भए वा हराए ।

कम्बोडियालीहरू आफैँले भोगेको त्यो यातनाको तुलनामा मैले महसुस गर्ने पीडा त्यति ठूलो होइन । खमेर रुजको शासनकालमा कुनै पनि कम्बोडियाली परिवार सकसपूर्ण यातनाबाट मुक्त थिएन । म सधैँ कम्बोडियालीको अनुहारको प्रत्येक मुस्कानमा मानव जाति कतिसम्म सहनशीलता र लचकता अपनाएर पुनर्जीवित र आशावान् हुन सक्छ भन्ने असाधारण दृश्य देखिरहेको हुन्छु ।

नेपालमा माओवादी द्वन्द्वले उत्कर्ष समातेको बेला मेरो दिमागमा फेरि कम्बोडियाकै दृश्यहरू सलबलाएर छाती चर्किरहन्थ्यो । माओवादीले बोल्ने भाषामा म त्यही खमेर रुजका अभिव्यक्ति भेट्ने गर्थें । उनीहरू पनि 'नयाँ नेपाल' बनाउनका निम्ति हिंसालाई वैधानिकता दिने लहडमा रङमडिएका थिए । केटाकेटी पढ्ने स्कुलमा गएर सैन्य शिक्षा थोपर्ने जमर्को गर्थे । र, 'वर्ग दुश्मन' को सफाया गर्नुपर्छ भन्ने उही राग अलापिरहन्थे । माओवादीका विद्वान् मानिने बाबुराम भट्टराईले मलाई उनीजस्तै उच्च शिक्षा पाएका कम्बोडियाकै खिउ साम्फानको सम्झना गराइरहन्थे, जो खमेर रुजका आतङ्कलाई 'बढाइचढाइ प्रस्तुत गरिएको अफवाह हो' भन्थे ।

सौभाग्यवश कम्बोडियाले जस्तो नेपालले उनीहरूको रसातल बेहोर्नुपरेन । तैपनि एकपटक माओवादी नेता प्रचण्डले आफूहरूले सञ्चालन गरेको 'जनयुद्ध' मा केवल १५ हजार मानिसको मृत्यु भएको तर अर्को चरणमा १५ लाखसम्मले ज्यान गुमाउनुपर्ला भन्दै धम्क्याएर बोलेको सुन्दा म भित्रैदेखि काँपेको थिएँ । खमेर रुजले गरेको मानवताविरोधी परीक्षणबाट हामीले सिक्ने एउटै पाठ छ, जब-जब 'क्रान्तिकारी' नेताहरूले 'बलिदान' को कुरा गर्छन्, तब-तब व्यापक सतर्कता अपनाउनुपर्छ ।

कम्बोडियाबाट खमेर रुजका पालामा सन् १९७५ मा निष्कासित भएको युनिसेफ सन् १९७९ मा मात्र त्यहाँ विधिवत् रूपमा पुनःस्थापित भयो । युनिसेफ पुनःस्थापनाको तिसौँ वार्षिकोत्सवको बेला आयोजित समारोहमा सरिक हुने निम्तो स्विकार्दै सन् २००९ मा म फेरि कम्बोडिया पुगेको थिएँ । त्यस यात्राकै बेला खमेर रुजको अन्तिम गढ आनलोङ भेङको भ्रमण गर्दा म असाध्यै द्रवित हुन पुगेँ । त्यहाँ पोलपोटको समाधिका साथसाथै खमेर रुजका डरलाग्दा एकखुट्टे जर्नेल ता मोकको अन्तिम कमान्ड पोस्ट पनि थियो, जुन ठाउँमा उनीहरूले 'गद्दार' घोषणा गरेका मानिसलाई कल्पनै गर्न नसकिने अत्यन्त अमानवीय यातना दिने गर्थे ।

नोम्पेन्हमा चाहिँ मैले एउटा सार्वजनिक समारोहलाई मनैबाट पुकार गर्दै 'फेरि यस्तो कहिल्यै नहोस्' भनेर लामो सम्बोधन गरेको थिएँ ।

युनिसेफका कर्मचारीहरूको एउटा बैठकमा मलाई ती पुराना याद फेरि सम्झन अनुरोध गरिएपछि म बोल्दाबोल्दै भक्कानिएको थिएँ । मैले आफ्नो भनाइ पूरा गर्नै सकिनँ । कुनै समय मसँग काम गरेका १८ जना कम्बोडियाली कर्मचारी साथीमध्ये खमेर रुजको नरसंहारका कारण एक जना पनि जीवित नरहेको अवस्थामा मेरो छाती कसरी हुँडलिरहेको थियो भन्ने जो कसैले बुझ्न सक्थे । म सबैका अगाडि भक्कानो छाडेर रोएँ । आफ्नै बुवा-आमाको मृत्युमा बाहेक म सार्वजनिक रूपमा भक्कानिएर रोएको सायद यो नै अविस्मरणीय क्षण थियो ।

(हालसालै प्रकाशित 'कुलचन्द्र गौतम : आत्मकथा' पुस्तकको अंश । किताबलाई पब्लिकेशन्स नेपालयले सार्वजनिक गरेको हो ।)

# फोर्स मोटर्सको दशैं तिहार अफर

काठमाडौ ।ँयचअभ :यतयचक को आधिकारीक बिक्रेता हिमालय अर्गनाइजेसन अन्तर्गत आयाम इन्टरकन्टिनेन्टल प्रा.ली ले नेपालीहरुको महान चाड दशैं र तिहारको अवसरमा ग्राहकवर्गलाई ध्यानमा राखी कुनै पनि गाडीको खरीदमा




उपहारको वर्षा लिएर आएको छ ।

उसले सार्वजनिक गरेको उपहार योजना अन्तर्गत आकर्षक नगद छुट, वासिङ्ग मेसिन, स्मार्ट टि.भि., स्मार्ट फोन लगायतका उपहारहरुको वर्षा ल्याएको छ । यस अफर भाद्र १५ देखि लागु भई छट पर्व अर्थात २०७९ कार्तिक १३ गतेसम्म लागु हुने उल्लेख गरेको छ ।

बिगत ८ वर्ष देखि ँयचअभ :यतयचक ोष्तभम ले नेपालमा आफ्नो आधिकारिक बिक्रेता आयाम इन्टरकन्टिनेन्टल प्रा.ली मार्फत आफ्ना गाडीहरुको बिक्रि वितरण गर्दै आईरहेको छ ।

आयाम इन्टरकन्टिनेन्टलले काठमाडौँको गैह्रिधारा ,पोखराको चाउथे र सुन्सरीको इटहरीमा आफ्नै शोरुम संचालनमा ल्याएको छ भने स्थानीय डिलर को रुपमा चितवनको भरतपुरमा , झापाको बिर्तामोड, ललितपुरको बाघडोल, सिराहाको लाहान, धनुषाको जनकपुरमा डिलर मार्फत ँयचअभ :यतयचक का गाडीहरु बिक्रीवितरण गर्दै आइरहेको छ ।

उक्त दशैं तिहार अफरको फाइदा उठाउन ग्राहकवर्गले आफुलाई पायक पर्ने स्थानमा गएर  सेवा लिन आग्रह गरेको छ ।

# ट्युनल्यान्ड ई प्लस नेपाली बजारमा

काठमाडौं । फोटोन मोटर्स नेपालले नयाँ संस्करण ट्युनल्यान्ड ई प्लस नेपाली बजारमा ल्याएको छ । नेपालको पिकअप बजारमा




सर्वोच्चता प्रदान गर्न सम्पूर्ण नयाँ ट्युनल्यान्ड ई प्लस शक्ति, कार्यक्षमता र विश्वसनीयताको अद्भूत संयोजनसहित पिकअप समूहमा खेल परिवर्तन गर्ने स्तरोन्नतिका साथ नेपाली बजारमा ल्याएको कम्पनीले जनाएको छ ।

अधिक कार्यक्षमताका लागि फोटोन ट्युनल्यान्ड ई प्लस सवारी निर्माण क्षेत्रका केही उल्लेखनीय प्रविधिहरुका साथ सञ्चालन गरिएको कम्पनीले जनाएको छ ।

स्तरोन्नति पश्चात पिकअपले सम्पूर्ण नयाँ २.० एल इनलाइन, ३६०० आरपीएम १४९.५५ को एक अद्वितीय शक्ति उत्पादन गर्ने तथा १८०० र ३००० आरपीएमको बीच ३२० एनएमको अधिकतम टर्क दिने ४- सिलिन्डरको इन्जिन र ६- स्पिडयुक्त मानवचालित ट्रान्समिसनले यसलाई जुनसुकै किसिमको भूभागको लागि उपयुक्त बनाएको कम्पनीले जनाएको छ ।

ट्युनल्यान्ड ई प्लसमा इलेक्ट्रिक ब्रेक वितरण प्रणाली भएको थप विस्तारित ब्रेकिङ प्रणाली एबीएस पनि रहेको छ । कम्पनीका अनुसार ईबीडी प्रणाली सहितको एबीएसले गाडीको पाङ्गामा भारको परिमाण अनुमान गर्न हरेक पाङ्गाको छिटो गति वा ढिलो गतिको जाँच गर्दछ, जसले गर्दा चुनौतीपूर्ण अवस्थामा ब्रेक लगाउनु पर्दा स्टेयरिङ्गलाई बढी नियन्त्रण गर्न सकिन्छ र केही परिस्थितिहरु जस्तै गिलो सडकमा रोक्नको लागि दूरीहरु कम गर्न मद्धत गर्दछ ।

कम्पनीका अनुसार मुख्य-मुख्य स्तरोन्नतिहरुका अतिरिक्त सम्पूर्ण नयाँ शक्तिशाली यो गाडीले १०५० केजीसम्मको भार बहन गर्न सक्ने क्षमता राख्दछ भने यसको ग्राउन्ड क्लियरेन्स २२० एमएम भएकोले यो सबै खाले कार्यका लागि एवं नेपाली भौगोलिक बनावट सुहाउँदो साबित भएको छ । यसमा जडान गरिएको उत्कृष्ट टच स्क्रिन रियरभ्यू क्यामेरा एक अर्को नमुनारुपी उपकरण हो, जसले यस शक्तिशाली पिकअपको पछाडिको दृश्यावलोकन गर्न, टक्कर नलाग्ने गरी पछाडि सार्न एवं पार्किङको समयमा आत्मविश्वास जगाउन ठूलो मद्धत पुऱ्याउने कम्पनीको भनाइ छ ।

फोटोन ट्युनल्यान्ड ई प्लस स्पोर्टसले आफ्नो शक्तिशाली बनावटमा धेरै चित्ताकर्षक डिजाइनहरु प्नि प्राप्त गरेको कम्पनीले बताएको छ । अग्र भागको केन्द्रमा फोटोन लोगोयुक्त ठूलो ३ धर्के क्रोम गरिएको ग्रिल राखिएको छ । प्रोजेक्टर हेडल्याम्प र सूचकहरु एउटै हाउजिङ्गमा एकीकृत गरिएका छन् । यसमा थप नयाँ परिवर्तन स्वरुप एलइडि डिआरएलहरु सबै नयाँ राखिएका छन् । पिकअपमा रनिङ बोर्ड, क्ल्याम्पर, एन्टी-रोल ओभर बार र बेड लाइनर लगायतका धेरै उत्कृष्ट उपकरणहरु पनि रहेको कम्पनीले जनाएको छ ।

बिल्कुलै नयाँ फोटोन ई प्लस ग्राहकहरुले चाहे जस्तै शक्ति, कार्य क्षमता र बनावटको एक जोडदार पिकअप भएको कम्पनीले दावी छ ।

# नेपाल भित्रियो पहिलो इलेक्ट्रिक क्रुजर बाइक : प्रि-बुकिङ गरेकालाई डेलिभरी गरिने

काठमाडौं - नेपाली बजारमा पहिले नै प्रि-बुकिङ गरेका ग्राहकका लागि कोमाकी ब्रान्डको इलेक्ट्रिक क्रुजर बाइक कोमाकी रेन्जर भित्रिएको छ । नेपालका लागि आधिकारिक वितरक युनिटी ट्रेडिङ कन्सर्नले यी बाइक ग्राहकलाई डेलिभरी गरिने र अब फेरि बुकिङ गर्नेका लागि आगामी दिनमा अन्य युनिट समेत भित्र्याउने बताएको छ ।

भारतीय कम्पनी कोमाकीद्वारा उत्पादित क्लासिक क्रुजर स्टाइलको यो



बाइक नेपाली बजारका लागि नौलो हुनेछ । सिंगल चार्जमा १८० किलोमिटर रेन्ज दिने बताइएको सो बाइकको मूल्य ४ लाख ३५ हजार रुपैयाँ तोकिएको छ । यद्यपि यसमा विभिन्न छुटहरु समेत उपलब्ध हुनेछ ।

कोमाकी रेन्जरको आकर्षक लुक, अमेजिङ ब्यालेन्स, स्मुथ राइड र एक्सट्रा अडिनरी फिचरका कारण यो अन्य भन्दा फरक भएको कम्पनीको भनाइ छ । यसमा भएको डबल डिस्क ब्रेक, आईसी इन्जिनकै बाइकमा भए जत्तिकै पावर ब्याकअप र सुपेरियर सस्पेन्सनले बाइकलाई पावरफुल बनाएको छ ।

कम्फर्टेबल सिटिङ, इन्क्लुसिभ ड्युअल स्टोरेज स्पेस, ड्युअल प्यासेन्जर फुटरेस्ट, एलईडी र थप विभिन्न हेडल्याम्प आदिले यो बाइकलाई आरामदायी बनाएको छ । त्यसैगरी यो बाइकमा रियर प्रोटेक्सन गार्ड, रियर टेलल्याम्प गार्ड र रियर ब्याक रेस्ट, फ्रन्ट बडी गार्ड, साइड स्ट्यान्ड सेन्सर, मोबाइल चार्जिङ युनिट, फ्लेम इफेक्ट सहितको ड्युअल साउन्ड पाइप, ट्रिपल हेडल्याम्प, साउन्ड सिस्टमसहितको ब्लुटुथ, गियर मोड, रिभर्स र क्रुज कन्ट्रोल आदि विभिन्न विशेषता यसमा पाउन सकिन्छ ।

यी वाहेक यो बाइकमा रिमोटबाटै लक गर्न सकिने सुविधा, डिस्क ब्रेक, सेल्फ डायग्नोसिस, टेलिस्कोपिक सकर, रिजेनेरेटिभ ब्रेकिङ, एन्टी थेफ्ट लक, अपराइड राइडिङ पोजिसन, प्यासेन्जर सिट, स्याडलब्याग्स, फोर्क माउन्टेड फेयरिङ र साइड स्ट्यान्ड सेन्सर जस्ता आकर्षक फिचर छन् ।

कोमाकी रेन्जरमा ४ हजार वाटको मोटर र ८० एम्पियरको कन्ट्रोलर छ । यसमा ७२ भोल्ट ५० एएचको लिथियम आयोन ब्याट्री छ, जसलाई ५ देखि ६ घण्टामा फुल चार्ज गर्न सकिन्छ ।

सम्पत्ति विवरण समयमै बुझाऔं जरिवानावाट बचौं ।

- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो ब्यक्तिगत विवरण अद्यावधिक गरौं ।
- आर्थिक बर्ष शुरु भएको वा सार्वजनिक पद धारण गरेको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेस गरौं ।
- भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस